<u>गुठी सम्बन्धी कानूनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०७५</u>

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार**

## उद्देश्य कारण

राजगुठी, सार्वजनिक गुठी र निजी गुठीलाई व्यवस्थित गरी सर्वसाधारणको हित कायम गर्न तथा गुठी जग्गाको संरक्षण, उपयोग र व्यवस्थापन गर्नुका साथै गुठीको विकास संचालन र व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्न विद्यमान गुठी सम्बन्धी कानूनलाई एकिकरण र संशोधन गर्दै गुठी ऐन, २०७५ पारित गरी कार्यान्वयनमा ल्याउन वान्छनिय भएकोले यो विधेयक पेश गरेको छु ।

**१६ वैशाख २०७६**

**पद्माकुमारी अर्याल**<br>
**मन्त्री**<br>
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# आर्थिक टिप्पणी

प्रस्तुत विधेयक पारित गरी कार्यान्वयनमा लैजादा गुठी प्राधिकरण, धार्मिकस्थल व्यवस्थापन समितिका आफ्नै कोषबाट व्ययभार व्यहोरिने र नेपाल सरकार तथा प्रदेश सरकारबाट तत् कोषमा अनिवार्य रुपमा आर्थिक दायित्व नथपिने हुँदा नेपाल सरकारलाई थप आर्थिक दायित्व श्रृजना हुने अवस्था देखिदैन ।

१६ वैशाख २०७६

पद्माकुमारी अर्याल
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## गुठी सम्बन्धी कानूनलाई एकिकरण र संशोधन गर्न बनेको विधेयक, २०७५ को व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम र ऐन प्रारम्भ कहिले देखि हुने भन्ने विषयलाई संवोधन गर्न यो दफा राखिएको हो । |
| २. | परिभाषा | ऐनमा प्रयुक्त भएक विभिन्न शब्दहरूको परिभाषा गरी स्पष्ट पार्न यो दफा राखिएको हो । |
| ३. | प्राधिकरणको स्थापना | गुठीको एकिकृत विकास, संचालन, व्यवस्थापन र प्रशासन गर्नको लागि गुठी प्राधिकरणको स्थापना गर्न यो दफा राखिएको हो । |
| ४. | प्राधिकरणको काम, कर्तव्य र अधिकार | गुठी प्राधिकरणको काम, कर्तव्य र अधिकार तोक्न यो दफाको व्यवस्था गरिएको हो । |
| ५. | प्राधिकरणले गर्न नहुने कार्य | के कस्ता काम प्राधिकरणले गर्न नहुने भन्ने विषय स्पष्ट पार्न यो दफा राखिएको हो । |
| ६. | संचालक समितिको गठन | प्राधिकरणको काम, कारवाहीको रेखदेख, समन्वय, नियन्त्रण, निर्देशन र व्यवस्थापनको लागि संचालक समिति गठन गर्नको लागि यो दफा राखिएको हो । |
| ७. | सदस्यको अयोग्यता | के कस्ता व्यक्ति संचालक समितिको अध्यक्ष र सदस्य योग्य हुदैनन् भन्ने किटान गर्न यो दफा राखिएको हो । |
| ८. | अध्यक्ष वा सदस्यको पद रित्त हुने अवस्था | के कस्तो अवस्थामा संचालक समितिको अध्यक्ष र सदस्य पद रित्त हुने हो ? सो सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९. | समितिको काम कर्तव्य र अधिका | संचालक समितिको काम, कर्तव्य र अधिकार तोक्न यो दफाको व्यवस्था गरिएको हो । |
| १०. | समिको वैठक र निर्णय | संचालक समितिको बैठक कहिले बस्ने, गणपुरक संख्या, बैठकको अध्यक्षताको सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ११. | प्रमुख कार्यकारी अधिकृत | प्राधिकरणमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न र निजको योग्यता निधारण गर्न यो दफा राखिएको हो । |
| १२. | प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार | प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार निर्धारण गर्न यो दफा राखिएको हो । |
| १३. | कर्मचारी दरवन्दी तथा संगठन संरचना | प्राधिकरणमा चाहिने कर्मचारी दरबन्दी, संगठन संरचनाको सम्बन्धमा विविध व्यवस्था गर्नको लागि यो दफा राखिएको हो । |
| १४. | विद्वत सभाको गठन | धर्म, सस्कृति र परम्परा सम्बन्धी विषयमा संचालक समितिलाई राय, सल्लाह, सुझाव तथा मठ संचालन विषयमा परामर्श समेत दिन विद्वतसभाको गठन गर्न यो दफा राखिएको हो । |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| १५. | विद्वत सभाको काम र कर्तव्य | विद्वतसभाको काम र कर्तव्य निश्चित गर्न यो दफा राखिएको हो |
| १६. | विद्वत सभाको बैठक र निर्णय | विद्वतसभाको बैठक, गणपुरक संख्या, निर्णय लगायतका विषयलाई व्यवस्थित गर्न यो दफा राखिएको हो । |
| १७. | कोष | प्राधिकरणको कोष, सो कोषमा जम्मा हुने रकम र सो रकमलाई व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| १८. | अक्षय कोषको स्थापना | राजगुठी र सार्वजनिक गुठीको संचालन तथा व्यवस्थापन गर्न अक्षयकोषको स्थापना गरी त्यस कोषयमा जम्मा हुने रकम सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| १९. | प्रदेश गुठी व्यवस्थापन समिति | प्रदेशभित्र रहेका गुठी, गुठी सम्पत्ति तथा धार्मिकस्थलको रेखदेख, संरक्षण, व्यवस्थापन र समन्वय गर्न प्रत्येक प्रदेशमा गुठी व्यवस्थापन समिति गठन गर्न र समितिमा रहने सदस्यहरूको योग्यता, अयोग्यता तथा पदमा नरहने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| २०. | प्रदेश गुठी व्यवस्थापन समितको काम, कर्तव्य र अधिकार | प्रदेश गुठी व्यवस्थापन समिमतिको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| २१. | प्रदेश गुठी व्यवस्थापन समितिको सचिवालय | प्रदेश गुठी व्यवस्थापन समितिको सचिवालय रहने स्थान तोक्नको लागि यो दफाको व्यवस्था गरिएको हो । |
| २२. | गुठी वा धार्मकिस्थलको स्थापना तथा निर्माण गर्न स्वीकृति लिनु पर्ने | यो ऐन प्रारम्भ भएपछि सार्वजनिक वा निजी गुठी स्थापना गर्न वा धार्मिकस्थल निर्माण गर्नको लागि स्वीकृति लिनुपर्ने लगायत तत् सम्बन्धमा दिइने निवेदन, स्थापना गर्नको लागि आवश्यक शर्त लगायतका अन्य विविध विषयको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| २३. | गुठीको हक र दायित्व प्राधिकरणमा सर्ने | यो ऐन प्रारम्भ हुनु अघि कायम रहेका छुट गुठी र सार्वजनिक गुठी यो ऐन प्रारम्भ भएपछि राजगुठीमा परिणत हुने, त्यस्ता गुठीका सम्पत्ति, जायजेथा देव देवीका प्रतिमा राजगुठीमा सर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| २४. | गुठीयारको अधिकार स्वतः समाप्त हुने | यो ऐन प्रारम्भ हुँदाका वखत विभिन्न लिखतबाट प्राप्त भएका गुठीयारको धार्मिकस्थलको सबै अधिकार समाप्त गर्न, गुठीयारलाई अधिकार प्रदान गरिएका लिखत निष्कृय गर्न र त्यस्ता धार्मिक स्थलको संचालन र वन्दोवस्त गर्न यो दफा राखिएको हो । |
| २५. | गुठीको लगत पेश गर्नुपर्ने | गुठीयार संचालन वा धार्मिकस्थल व्यवस्थापन समितिले प्रदेश गुठी व्यवस्थापन समक्ष गुठीको लगत पेश गर्ने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| २६. | धार्मिकस्थलको सम्पत्ति हुने | दाताले धार्मिकस्थल र धार्मिकस्थलको कामको लागि राखिदिएका वा दिएका सम्पत्ति , चढाएको भेटी, सुनचाँदी लगायतका नगद जिन्सी, सम्पत्ति धार्मिकस्थलको हुने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| २७. | धार्मिकस्थलको वर्गिकरण | धार्मिकस्थलको संचालन एवं व्यवस्थापन गर्ने प्रयोजनको लागि धार्मिकस्थलको वर्गिकरण गर्न यो दफाको व्यवस्था गरिएको हो । |
| २८. | धार्मिकस्थल व्यवस्थापन समिति | धार्मिकस्थलको व्यवस्थापन गर्न, व्यवस्थापन समितिको गठन गर्नको लागि यो दफा राखिएको हो । |
| २९. | सदस्यको योग्यता | धार्मिकस्थल व्यवस्थापन समितिको सदस्य हुन चाहिने योग्यता निर्धारण गर्न यो दफा राखिएको हो । |
| ३०. | सदस्यको अयोग्यता | धार्मिकस्थल व्यवस्थापन समितिको सदस्य हुन नपाउने विषयहरू निश्चत गर्न यो दफा राखिएको । |
| ३१. | धार्मिकस्थल व्यवस्थापन समितिको काम र कर्तव्य | धार्मिकस्थल व्यवस्थापन समितिको काम र कर्तव्य सम्बन्धी विषयहरू निश्चित गर्न यो दफा राखिएको हो । |
| ३२. | रोक लगाउन सक्ने | धार्मिकस्थल परिसरभित्र वा तोकिएको क्षेत्रसम्म के कस्ता कार्य गर्न नपाउने हो ?ति विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ३३. | पुजारी तथा कामदारको नियुक्ति | धार्मिकस्थलको पुजारी तथा कामदारको नियुक्ति, नियुक्तिको लागि प्राथमिकता दिने विषय, पुजारीको योग्यता र कामदार एवं पुजारीको पारिश्रमिकको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ३४. | धार्मिकस्थलको कोष | धार्मिकस्थलमा के कहाँबाट रकम प्राप्त हुन सक्ने, त्यस्तो रकम संरक्षणको आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ३५. | धार्मिकस्थलको आय व्यय | धार्मिकस्थलको आयव्यय विवरण पेश गर्ने समय निश्चित गर्न त्यस्तो विवरणमा समावेश हुने विषय निश्चित गर्न लगायतको विषयको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ३६. | स्वीकृति लिनुपर्ने | धार्मिकस्थलको अचल सम्पत्ति वन्दोवस्त गर्दा, लिजमा दिंदा धार्मिकस्थल व्यवस्थापन समितिले स्वीकृती लिनुपर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ३७. | धार्मिकस्थल व्यवस्थापन अधिकारीको नियुक्ति | धार्मिकस्थल व्यवस्थापन अधिकारीको नियुक्ति, निजको योग्यता लगायतका विषयको व्याख्या गर्न यो दफा राखिएको हो । |
| ३८. | धार्मिकस्थल व्यवस्थापन अधिकारीको काम, कर्तव्य र अधिकार | धार्मिकस्थल व्यवस्थापन अधिकारीको काम, कर्तव्य र अधिकार तोक्न यो दफा राखिएको हो । |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| ३९. | प्रतिवेदन पेश गर्नुपर्ने | विविध विषयका सम्बन्धमा धार्मिकस्थल व्यवस्थापन अधिकारीले प्रतवेदन दिने र सो प्रतिवेदन सम्बन्धमा आवश्यक कारवाही गर्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ४०. | धार्मिकस्थल संचालन सम्बन्धी विशेष व्यवस्था | धार्मिकस्थल संचालन गर्न विशेष व्यवस्था गर्न सकिने प्रयोजनका लागि यो दफा राखिएको हो । |
| ४१. | अत्यावश्यकीय कोषको स्थापना | कुनै आम्दानी नभएका वा तोकिएका भन्दा कम आम्दानी भएका धार्मिकस्थलको संचालन र व्यवस्थापनमा सहयोग पुऱ्याउन कोषको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ४२. | राष्ट्रसेवक मानिने | यस ऐन अन्तर्गत नियकुत, मनोनयन हुने को कस्लाई राष्ट्रसेवक मान्ने भन्ने विषय यकिन गर्न यो दफा राखिएको हो । |
| ४३. | स्वयंसेवी हुने | धार्मिकस्थल व्यवस्थापन समितिका सदस्यहरूको पारिश्रमिक पाउने नपाउने विषय यकिन गर्न यो दफा राखिएको । |
| ४४. | मठाधीश सम्बन्धी विशेष व्यवस्था | मठाधीशको काम, कर्तव्य र अधिकार निश्चित गर्न यो दफा राखिएको हो । |
| ४५. | दक्षिणा तथा उपहार | मठाधीशलाई प्राप्त हुने दान-दक्षिणा उपहार जस्ता सम्पत्तिको व्यवस्थापन गर्न यो दफा राखिएको हो । |
| ४६. | मठाधीशको नियुक्ति | मठाधीशको नियुक्ति के-कसरी हुने ? कसले गर्ने भन्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ४७. | मठाधीशको योग्यता | के कस्ता योग्यता भएको व्यक्ति मठाधीशमा नियुक्त हुन सक्ने भन्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ४८. | मठाधीशलाई हटाउन सकिने | के कस्तो अवस्थामा मठाधीशलाई पदबाट हटाउन सक्ने भन्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ४९. | मठाधीशको पद रिक्त हुने | मठाधीशको पद रिक्त हुने अवस्थाको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५०. | उत्तराधिकारीको मनोनयन | मठाधीशको उत्तराधिकारी के कसरी र कसले नियुक्त गर्ने भन्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ५१. | निर्देशन दिन सक्ने | मठाधीशले मठको सम्पत्ति दुरुपयोग गरेको वा मठ संचालनमा गम्भीर लापरवाही गरेको सम्बन्धमा छानविन गरी प्रतिवेदन दिने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५२. | गुठी तैनाथी जग्गा | गुठी तैनाथी जग्गाको वर्गिकरण, त्यस्ता जग्गाको उपभोग सम्बन्धमा  आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५३. | गुठी तैनाथी जग्गमा बनाएको घर | यो ऐन प्रारम्भ हुनु अघि गुठी तैनाथी जग्गामा बनाएको घर रैतानीमा परिणत गर्न निवेदन दिने र कति जग्गा गुठी रैतानीमा |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | परिणत गर्न सक्ने भन्ने विषयलाई संवोधन गर्न यो दफा राखिएको हो । |
| ५४. | हक समाप्त हुने | यो ऐन प्रारम्भ हुनु अघि जुनसुकै लिखत, परम्पराको आधारमा प्राप्त घर, जग्गा, पसल लगायतमा वहालवालाको हक समाप्त हुने विषय सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५५. | जग्गा वेचविखन गर्न नपाउने | गुठीयारले खान्गी जग्गा धितो बन्धक दिन वा कुनै प्रकारले हक छाडी दिन नपाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५६. | मोहीयानी हक र रैतानी सम्बन्धी व्यवस्था | गुठी जग्गमा मोहीयानी हक नलाग्ने र मोहीको हक प्राप्त हुने लगायतका यस सम्बन्धमा विविध व्यवस्था गर्न यो दफा राखिएको । |
| ५७. | गुठी जग्गामा लाग्ने कूत | गुठीको जग्गामा के कति कुत लाग्ने, कुत कहिले सम्म वुझाउने लगायतका विषयमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५८. | निर्माण स्वीकृति लिनुपर्ने | गुठी अधिनस्थ जग्गामा मोहीले कुनै प्रकारको संरचना निर्माण गर्दा स्वीकृति लिनुपर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ५९. | मोहीयानी हक हस्तान्तरण गर्न सकिने | गुठी अधिनस्थ जग्गाको मोहीयानी हक हस्तान्तरण गर्न, धितो बन्धक राख्न सकिने व्यवस्था गर्न यो दफा राखिएको हो। |
| ६०. | गुठी रैनान नम्बरी जग्गामा परिणत गर्न नसकिने | के कस्ता जग्गा गुठी रैनातीमा परिणत गर्न नसकिने भन्ने विषयमा स्पष्ट पार्न यो दफा राखिएको हो । |
| ६१. | हक हस्तान्तरण गर्न नपाइने | सार्वजनिक गुठी र निजी गुठी व्यक्तिका नाउँमा हस्तान्तरण गर्न नपाउने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ६२. | महन्त र गुरु आर्जनको सम्पत्ति | महन्त नियुक्त हुनुभन्दा अघि आर्जेको सम्पत्ति धितो वन्धक वा हकछाडी दिन सक्ने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ६३. | निजी गुठीको संचालन र बन्दोवस्त | निजी गुठीको संचालन र बन्दोबस्तका सम्बन्धमा विविध व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ६४. | निजी गुठी सार्वजनिक गुठीमा दर्ता गराउन सक्ने | निजी गुठीलाई सार्वजनिक गुठीमा दर्ता गराउन सक्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ६५. | गुठीपोत वुझाउनु पर्ने | गुठीपोत निर्धारण र पोत बुझाउने सम्बन्धमा विविध व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ६६. | निरिक्षण गर्ने | गुठी प्रधिकरण र प्रदेश गुठी व्यवस्थापन समितिले धार्मिकस्थलको निरीक्षण गर्ने, आदेश दिने, जरिवाना गर्ने, नयाँ गुठीयार नियुक्त गर्ने सम्बन्धी व्यवस्था गर्न यो दफा राखिएको हो । |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| ६७. | अनुगमन गर्ने | प्राधिकरण मातहतका धार्मिकस्थल, मठमन्दिर लगायत गुठी जग्गा सम्बन्धी काम, कारवाहीका सम्बन्धमा मन्त्रालयले अनुगमन गराउने व्यवस्था गर्न यो दफा राखिएको हो। |
| ६८. | गुठीको घर वा जग्गा दर्ता वा आवाद गर्न नहुने | ऐन विपरित गुठीको अवस्था परिवर्तन गर्न, गुठी जग्गा रैकरमा परिणत गर्न, गुठी जग्गा अन्यका नाउँमा दर्ता गर्न, आफ्नो जग्गामा घुसाई दर्ता गर्ने कार्यलाई रोक्नको लागि यो दफा राखिएको हो । |
| ६९. | गुठी जग्गाको नाँपजाँच | गुठी जग्गाको नापजाँच के कसरी गर्ने भन्ने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७०. | गुठी जग्गाको दर्ता, नामसारी, दाखिल खारेज | गुठी जग्गाको दर्ता, नामसारी र दाखिल खारेज गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७१. | हदबन्दी सम्बन्धी व्यवस्था | गुठी जग्गामा मोहीले राख्न पाउने जग्गाको हदबन्दी सम्बन्धी व्यवस्था गर्न लगायत हदबन्दी सम्बन्धी अन्य व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७२. | गुठी जग्गामा लाग्ने वजारको व्यवस्था वा उपयोग | गुठी जग्गामा लाग्ने हाट, मेला वा अन्य वजारको व्यवस्थापन वा उपयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७३. | गुठी जग्गाको चक्लावन्दी मिलाउने | गुठी जग्गाको चक्लाबन्दी गर्नको लागि यो दफा राखिएको हो । |
| ७४. | गुठी तैनाथी जग्गा सम्बन्धमा विशेष व्यवस्था | यो ऐन प्रारम्भ हुनु अघि गुठी तैनाथी जग्गा गुठीको हित विपरित लिएको भए यो ऐन प्रारम्भ भएपछि त्यसरी लिएको अधिकार समाप्त गरी त्यस्तो जग्गा गुठीको स्वामित्वमा ल्याउनको लागि यो दफा राखिएको हो । |
| ७५. | सम्पत्ति रोक्का राख्ने | प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापनले आफ्नो जमानतमा रहेको सम्पत्ति हकछाडी दिन वा धितोवन्धक राख्न नदिने सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७६. | बक्यौता असूल गर्ने | गुठीको सम्पत्ति प्रयोग वा कमाए वापत तिर्न, वुझाउनु पर्ने विविध प्रकृतिको वक्यौता रकम असूल गर्ने सम्बन्धमा विविध व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७७. | गुठी जग्गा प्राप्ती | गुठी जग्गा प्राप्त गर्दा त्यस्तो जग्गाको मुआब्जा लगायतको विधिध विषयमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ७८. | तिर्जा व्यवस्था हटाउने | तिर्जा व्यव्था हटाउनको लागि यो दफा राखिएको हो । |
| ७९. | प्राचिन मुर्ति तथा गरगहना | सार्वजनिक र राजगुठीले आफ्नो जिम्मामा रहेका प्राचिन मुर्ति तथा |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | गरगहना, जाँच गराउने, वरबुझारथ गर्ने लगायतका व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ८०. | गहना र अन्य सम्पत्तिको व्यवस्थापन गर्ने | राजगुठी र सार्वजनिक गुठीको देवी देवता वा धार्मिकस्थलमा चढाएको गहना, भाडाकुँडा र सम्पत्तिको वर्गिकरण, त्यस्ता सम्पत्तिको व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न यो दफा राखिएको हो । |
| ८१. | हटाउनु पर्ने | गुठी जग्गामा स्वीकृति वेगर संरचना प्रयोग गरेकोमा सो प्रयोग गर्नबाट हटाउनको लागि यो दफाको व्यवस्था गरिएको हो । |
| ८२. | गुठी सम्पत्ति अतिक्रमण गर्न नहुने | गुठीको सम्पत्ति अतिक्रमण हुनबाट रोक्न, कस्तो कार्यलाई अतिक्रमण गरेको भन्ने विषय निश्चत गर्न लगायतका विषयका सम्बन्धमा व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ८३. | विवरण पठाउनु पर्ने | गुठीको सम्पत्ति, आय-व्यय, लगत, स्रेस्ता, लिखत आदिको विवरण प्राधिकरणमा पठाउने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ८४. | गुठी धर्मलोप गरेको मानिने | के कस्तो कार्य गरेमा धर्मलोप गरेको मानिने भन्ने विषयहरू निश्चित गर्न यो दफा राखिएको हो । |
| ८५. | विगार्न वा हानिकोक्सानी गर्न नपाउने | गुठी, धार्मिकस्थल, धर्मकीर्ति, धर्मशाला, पाटी पौवा आदि विगार्न नपाउने व्यवस्था गर्न र त्यस्तो गर्नेलाई जरिवाना गरी विगो असूल गर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ८६. | मुद्दा दायर गर्न सक्ने | के कस्तो विषयमा कहाँ मुद्दा दायर गर्न पाउने भन्ने विषय यकिन गर्न यो दफा राखिएको हो । |
| ८७. | मिसिलहरू सर्ने | ऐन प्रारम्भ हुँदाका वखत गुठी जग्गाको दर्ता दाखिल खारेज लगायतका विषयमा कारवाही चली निर्णय हुन बाँकी मिसिल के गर्ने भन्ने विषयमा निश्चित गर्न यो दफा राखिएको हो । |
| ८८. | लेखा र लेखा परीक्षण | प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समितिको लेखा राख्ने र लेखापरीक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ८९. | काम कारवाही वदर गर्न सक्ने | गुठी हित विपरितको काम कारवाहि वदर गरी पुनः कानून बमोजिम गर्न, गराउन लगाउने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९०. | प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने | यस ऐन विपरित गरेको कुनै कार्यबाट अन्य प्रचलित कानूनको उल्लघंन भएमा प्रचलित कानून बमोजिम मुद्दा दायर गर्न र कारवाही गर्न पाउने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९१. | विशेष छुट | मुद्दा गर्दा कोर्ट फि नलाग्ने, तारेखमा हाजिर हुन नपर्ने, मुद्दा |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | तामेलिमा नराखिने जस्ता कुराहरूको व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९२. | सार्वजनिक धार्मिकस्थलको सम्पत्ति मानिने | आफ्नो हक नपुग्ने सरकारी वा सार्वजनिक जग्गा वा राजगुठीको जग्गामा बने बनाएको धार्मिक संरचना गुठीको मानिने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९३. | संचालन तथा व्यवस्था | यो ऐन लागू भएपछि धार्मिकस्थल समेतको संचालन, व्यवस्थापन र वन्दोवस्त यसै ऐन बमोजिम हुने गर्न यो दफा राखिएको हो । |
| ९४. | वार्षिक प्रतिवेदन | प्रदेश गुठी व्यवस्थापन र प्राधिकरणले प्रतिवेदन पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदन कहाँ पेश गर्ने भन्ने विषय यकिन गर्न यो दफा राखिएको हो । |
| ९५. | सपथ ग्रहण | पदग्रहण गर्नु अघि सपथग्रहण गर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९६. | अधिकार प्रत्यायोजन | प्राधिकरणले आफूमा निहित अधिकार प्रत्यायोजन गर्न पाउने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९७. | गुठी र धार्मिकस्थलको रेखदेख गर्नपर्ने | सम्बन्धित स्थानिय तह र स्थानिय प्रशासनले आफ्नो क्षेत्रभित्रको गुठीको निरीक्षण, रेखदेख गर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| ९८. | गुठी संस्थान अन्तर्गत कार्यरत कर्मचारीहरूको समायोजन | गुठी संस्थान अन्तर्गत कार्यरत कर्मचारीलाई समायोजन गर्ने भन्ने विषय निश्चित गर्न यो दफा राखिएको हो । |
| ९९. | नेपाल सरकारसँग सम्पर्क गर्ने | गुठी प्राधिकरणले नेपाल सरकारसंग सम्पर्क गर्दा कुन निकाय मार्फत गर्ने भन्ने कुरा स्पष्ट पार्न यो दफा राखिएको हो । |
| १००. | यसै ऐन बमोजिम हुने | यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम र अन्यमा प्रचलित ऐन बमोजिम हुने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| १०१. | नियम बनाउने अधिकार | ऐन अन्तर्गत रहि नियम बनाउन पाउने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| १०२. | विनियम र निर्देशिका बनाउन सक्ने | ऐन र नियमको अधिनमा रही विनियम र निर्देशिका बनाउन सक्ने अधिकार प्राधिकरणलाई दिन यो दफा राखिएको हो । |
| १०३. | आचार संहिता बनाई लागू गर्ने | गुठीयार, मठाधीश लगायत तिर्थस्थलमा प्रवेश गर्ने व्यक्तिले पालना गर्नुपर्ने अचारसंहिता बनाई लागू गर्ने व्यवस्था गर्न यो दफा राखिएको हो । |
| १०४. | खारेजी र बचाउ | गुठी ऐन, २०३३ लाई खारेज गर्न र सो ऐन बमोजिम भए गरेका कार्यको बचाउ गर्न यो दफा राखिएको हो । |

# गुठी सम्बन्धी कानूनलाई एकिकरण र संशोधन गर्न बनेको विधेयक, २०७५ को प्रत्यायोजित व्यवस्थापन

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत वनाइन कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ३ को उपदफा (२) | प्राधिकरणका निर्णय तथा प्राधिकरणले प्रत्यायोजन गरेका विषयहरू कार्यान्वयन गर्न आवश्यकता अनुसार कार्यालय स्थापना गर्नुपर्ने भएकोले । | के कति कार्यालय, कुन कुन ठाउँमा स्थापना गर्ने भन्ने विनियमावलीमा व्यवस्था गरिने | आवश्यकता अनुसार कार्यालय स्थापना भई गुठी सम्बन्धी कार्य व्यवस्थित हुने । |
| २. | दफा ३ को उपदफा (३) | प्राधिकरणले गुठीको व्यवस्थापन र संचालन गर्न स्रोत, सधानको प्रवन्ध गर्नुपर्ने भएकोले । | प्राधिकरणले के कसरी चल-अचल सम्पत्ति प्राप्त गर्न सक्ने, भोग गर्ने वा हक हस्तान्तरण गर्न सक्ने भन्ने व्यवस्था नियमावलीमा तोकिने । | प्राधिकरणलाई गुठीको व्यवस्थापन र संचालन गर्न स्रोत साधनको प्रवन्ध गर्न सहज हुने । |
| ३. | दफा ९ को (ढ) | संचालक समितिले गर्नुपर्ने गरी पहिचान हुने थप कार्यहरू गर्न अधिकार दिन उपयुक्त भएकोले । | संचालक समितिलाई कुनै थप कार्य गर्न अधिकार दिने गरी नियमावलीमा तोकिने । | संचालक समितिबाट सम्पादन हुन जरुरी देखिने कार्यहरू गर्न कानूनी आधार तयार भएको हुने । |
| ४. | दफा १२ को देहाय (छ) | संचालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई ऐनमा तोकिए वाहेकका अन्य काम गर्न तोक्नु पर्ने हुन सक्ने भएकोले । | संचालक समितिले ऐनको भावना अनुरुप समितिको निर्णयबाट कुनै काम तोक्ने । | यस ऐनको उद्देश्य र भावना अनुसार गुठीको व्यवस्थापन र संचालनमा सहजता आएको हुने । |
| ५. | दफा १३ को उपदफा (३) | प्राधिकरणमा रहने कर्मचारीको सेवा, शर्त तथा सुविधा समयानुसार परिवर्तन गर्नुपर्ने भएकोले विनियमावलीमा तोक्न उपयुक्त हुने । | प्राधिकरणका कर्मचारीको सेवा, शर्त तथा सुविधा विनियमावलीमा तोकिने । | प्राधिकरणका कर्मचारीको सेवा, शर्त तथा सुविधा समय सापेक्ष हुन जाने । |
| ६. | दफा १५ को उपदफा (३) | विद्वत सभालाई ऐनमा तोकिए बाहेक अन्य आवश्यक थप काम, कर्तव्य तोक्न | सभाका थप अन्य काम नियमावालीमा तोकिने । | थप कुनै काम तथा कर्तव्य पहिचान भएमा ती काम, कर्तव्य समेत सम्पादन भएको |

| | | | | |
|---|---|---|---|---|
| | | आवश्यकता देखिन सक्ने भएकोले । | | हुने । |
| ७. | दफा १८ को उपदफा (५) | प्राधिकरणले आफ्नो कार्य संचालनको क्रममा विभिन्न खर्चहरु गर्नुपर्ने भएकोले । | अक्षयकोषमा जम्मा गरी बाँकी रकम खर्च के मा गर्ने भन्ने विषय यकिन गर्ने । | आवश्यकता अनुसार औचित्यका आधारमा खर्च गर्न अख्तियारी प्राप्त भएको हुने । |
| ८. | दफा २० को देहाय (ठ) | प्रदेश गुठी व्यवस्थापन समितिलाई थप कुनै काम, कर्तव्य निर्धारण गर्न आवश्यक हुन सक्ने भएकोले । | प्रदेश गुठी व्यवस्थापन समितिका थप काम, कर्तव्य नियमावलीमा तोक्न सकिने । | प्रदेश गुठी व्यवस्थापन समितिलाई थप कुनै काम, कर्तव्य दिन आवश्यक भएमा दिन सक्ने कानूनी आधार वनेको हुने । |
| ९. | दफा २२ को उपदफा (४) | गुठी तथा धार्मिकस्थल स्थापना तथा संचालन गर्न अनुमती दिदा छानविन गर्ने प्रक्रिया, छानविन गर्ने अधिकारी तथा समय सिमा निर्धारण गर्नु पर्ने भएकोले । | गुठी तथा धार्मिकस्थल स्थापना तथा संचालनको अनुमती दिने प्रक्रिया, छानविनको प्रक्रिया, अधिकारी तथा समय सिमा नियमावलीमा तोकिने । | गुठीको स्थापना तथा संचालनको कार्य व्यवस्थित भएको हुने । |
| १०. | दफा २२ को उपदफा (६) | गुठी तथा धार्मिक स्थल स्थापना गर्न समय थप गर्नुपर्ने अवस्था आउन सक्ने भएकोले । | गुठी तथा धार्मिकस्थल स्थापनाका लागि तोकिएको म्यादभित्र स्थापना हुन नसकेकोमा के-कस्तो म्याद थप गर्ने भन्ने कुरा नियमावलीमा तोकिने । | कुनै कारणवस समयमै गुठी तथा धार्मिकस्थल स्थापना हुन नसकेमा थप समय दिने आधार वनेको हुने । |
| ११. | दफा २२ को उपदफा (७) | गुठी तथा धार्मिक स्थल स्थापना तथा संचालन गर्न दर्ता गर्दा मनासिव शुल्क लिनुपर्ने र निश्चित शर्तहरू निर्धारण गर्नुपर्ने भएकोले । | गुठी तथा धार्मिकस्थल दर्ता गर्न लाग्ने शुल्क तथा शर्तहरू नियमावलीमा तोकिने । | गुठी प्राधिकरणको आर्थिक अवस्थामा टेवा पुग्नुका साथै गुठी तथा धार्मिक स्थलको प्रभावकारी नियमन गर्ने सकिने । |
| १२. | दफा २२ को उपदफा (९) | अनुमती खारेज भएका गुठी तथा धार्मिक स्थलको संचालनलाई व्यवस्थित बनाउनुपर्ने भएकोले । | अनुमति खारेज भएका गुठी तथा धार्मिक स्थलको संचालन प्रतिष्पर्धाद्धारा गर्दा प्रतिष्पर्धाको कार्यविधि नियमावलीमा तोकिने । | योग्य र समक्ष व्यक्ति संस्थाबाट गुठी तथा धार्मिकस्थलको व्यवस्थापन र संचालन हुने । |
| १३. | दफा २५ को उपदफा | गुठी तथा धार्मिकस्थलको सम्पूर्ण विवरणको जानकारी | गुठी तथा धार्मिकस्थलको लगतको विवरण सार्वजनिक गर्ने | सर्वसाधारण समेतलाई गुठी तथा धार्मिक स्थलको वारेमा |

| | | | | |
|---|---|---|---|---|
| | (३) | राख्नुपर्ने भएकोले । | विधि, प्रक्रिया नियमावली तोकिनेछ । | जानकारी प्राप्त हुने । |
| १४. | दफा २५ को उपदफा (६) | गुठी तथा धार्मिक स्थलको वारेमा सबै सरोकारवालालाई जानकारी गराउने तथा लगत सच्याउन सकिने भएकोले । | गुठी तथा धार्मिकस्थलको लगत प्रकाशनको विधि नियमावलीमा तोकिने । | लगत प्रकाशनको विधि प्रभावकारी भई यसमा भएका त्रुटीहरू सच्याउन समेत पृष्ठपोषण प्राप्त हुने । |
| १५. | दफा २५ को उपदफा (१०) | अनुमती खारेज भएका गुठी तथा धार्मिक स्थलको प्रतिष्पर्धाद्वारा पुनःसंचालन गराउने विधि तथा प्रक्रिया निर्धारण गर्नुपर्ने भएकोले । | अनुमती खारेज भएका गुठी तथा धार्मिक स्थलको पुनःसंचालन गर्दा प्रतिष्पर्धाको विधिको निर्धारण नियमावलीमा तोकिने । | सक्षम र उपयुक्त व्यक्ति, संस्था वा निकायबाट गुठी वा धार्मिकस्थल संचालन हुने । |
| १६. | दफा २५ को उपदफा (१२) | गुठी दर्ता तथा निवकरण दस्तुर लिनुपर्ने भएकोले । | गुठी दर्ता तथा नविकरण दस्तुरको रकम नियमावलीमा तोकिने । | प्राधिकरणको कोषको अवस्थामा सुधार हुने र गुठी व्यवस्थापन तथा संचालन व्यवस्थित हुने । |
| १७. | दफा २५ को उपदफा (१३) | विशेष परिस्थिति सृजना भई समयमै लगत दिन नसकेका गुठी तथा धार्मिक स्थललाई एक पटकका लागि मौका दिन मनासिव हुने भएकोले । | तोकिएको समयमा लगत नदिने गुठी तथा स्थललाई मनासिव माफिकको कारण देखिएमा लगतमा दर्ता लाग्ने दस्तुर नियमावलीमा तोकिने । | गुठी तथा धार्मिकस्थल संचालनहरू सतेत हुने तथा समयमै लगत दिने अवस्था सृजना हुने । |
| १८. | दफा २५ को उपदफा (१४) | गुठी संचालकको योग्यता र शर्त निर्धारण गर्नुपर्ने भएकोले । | गुठी संचालकको योग्यता र शर्त नियमावलीमा तोकिने । | योग्य र सक्षम संचालकबाट गुठी संचालन भई गुठीको व्यवस्थापन र संचालन व्यवस्थित हुने । |
| १९. | दफा २६ को उपदफा (३) | धार्मिकस्थलका लागि दाताबाट प्राप्त सम्पत्ति कोषमा राख्ने व्यवस्था गर्नुपर्ने भएकोले । | दाताबाट प्राप्त सम्पत्ति, गरगहना, भेटी आदिको व्यवस्थापन विधि/प्रक्रिया नियमावलीमा तोकिने । | धार्मिकस्थललाई प्राप्त सम्पत्ति, भेटी तथा गरगहना आदिको संरक्षण र सदुपयोग हुने । |
| २०. | दफा २७ को उपदफा (१) | धार्मिकस्थलहरूको आम्दानीका आधारमा वर्गीकरण गर्न उपयुक्त भएकोले । | धार्मिकस्थलको वर्गिकरणका लागि आम्दानीको सिमा नियमावलीमा निर्धारण गरिने । | धार्मिकस्थलको आकार, आम्दानी समेतका आधारमा वर्गीकरण गरी सोही बमोजिम व्यवस्थापन गर्न सहज हुने । |
| २१. | दफा २८ | प्राधिकरण वा प्रदेश गुठी | समितिमा रहने पदाधिकारीहरू | प्राधिकरण वा गुठी |

| | | | | |
|---|---|---|---|---|
| | को उपदफा (१) | व्यवस्थापन समिति आफैले संचालन गर्ने धार्मिकस्थल संचालन गर्न धार्मिक स्थल व्यवस्थापन समिति गठन गर्नुपर्ने भएकोले । | नियमावलीमा तोकिने । | व्यवस्थापन समितिले संचालन गरेका धार्मिक स्थलहरू व्यवस्थित रुपमा संचालन हुने । |
| २२. | दफा २८ को उपदफा (२) | प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले संचालन गर्ने धार्मिकस्थलहरूको व्यवस्थापन समिति गठन हुन नसकेमा अन्य कुनै योग्य व्यक्तिलाई संचालन जिम्मा दिनुपर्ने भएकोले । | प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समिति आफैले संचालन गर्ने धार्मिकस्थल प्रतिष्पर्धाबाट संचालन गराउन परेमा प्रतिष्पर्धाबाट संचालन गराउने विधि प्रक्रिया नियमावलीमा तोकिने । | प्रतिष्पर्धाको माध्यमबाट योग्य व्यक्तिबाट धार्मिकस्थल संचालन हुने । |
| २३. | दफा ३२ को उपदफा (१) | धार्मिकस्थल वरपरको क्षेत्रमा आवन्छित गतिविधिमा रोक लगाउनुपर्ने भएकोले । | के-कति दुरी र क्षेत्रसम्म रोक लगाउने भन्ने कुरा र क्षेत्र नियमावलीमा तोकिने । | धार्मिकस्थल वरपर अशान्तिको अवस्था नआउने । |
| २४. | दफा ३३ को उपदफा (५) | पुजारी तथा कामदारको दरवन्दी, नियुक्ति, सेवा-सुविधा लगायत निर्धारण गर्नुपर्ने भएकोले । | दरवन्दी, नियुक्ति, सेवा सुविधा लगायतका कुराहरू नियमावलीमा तोकिने । | आवश्यकता अनुसार दरवन्दी कायम हुने, समयसापेक्ष सेवा सुविधा निर्धारण हुने । |
| २५. | दफा ३४ को उपदफा १(च) | धार्मिकस्थलको कोषमा अक्षय कोषको रकमबाट प्राप्त हुने व्याजको रकम मध्यबाट समेत रकम जम्मा गर्नुपर्ने भएकोले । | धार्मिकस्थलको कोषयमा जम्मा हुने अक्षयकोषको रकमबाट प्राप्त हुने व्याज मध्यको रकम नियमावलीमा तोकिने । | धार्मिकस्थलको कोषको अवस्था सुदृढ हुने । |
| २६. | दफा ३४ को उपदफा (३) | प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिलाई प्राप्त हुनुपर्ने रकम नियमित रुपमा समयमै प्राप्त गर्नुपर्ने भएकोले । | तोकिएको रकम नवुझाएमा खाता रोक्का राख्ने विधि प्रक्रिया नियमावलीमा तोकिने । | प्राधिकरण तथा प्रदेश गुठी व्यवस्थापन समितिले समयमै रकम प्राप्त गर्ने । |
| २७. | दफा ३४ को उपदफा (४) | 'क', 'ख' र 'ग' वर्गका धार्मिकस्थलबाट थप रकम लिन उपयुक्त हुने भएकोले । | थप रकम र उक्त रकम दाखिला गर्नुपर्ने कोष नियमावलीमा तोकिने । | कोषको अवस्था सुदृढ भई गुठी व्यवस्थापन र संचालन गर्न सहज हुने । |

| | | | | |
|---|---|---|---|---|
| २८. | दफा ३५ को उपदफा (१) | धार्मिकस्थलको आय व्ययको विवरण अध्यावधिक गरी राख्नुपर्ने भएकोले । | धार्मिकस्थलले वुझाउने आय व्ययको विवरणको ढाँचा तथा प्रक्रिया नियमावलीमा तोकिने । | धार्मिकस्थलहरूको आयव्ययको विवरण दुरुष्त अवस्थामा अभिलेख राख्न सजिलो हुने । |
| २९. | दफा ३५ को उपदफा (६) | पेश हुन आएको आय व्ययको विवरण समर्थन गर्नुपर्ने भएकोले । | आय व्यय विवरण समर्थन गर्ने निकाय तथा विधि नियमावलिमा तोकिने । | धार्मिकस्थलको आम्दानी तथा खर्चको प्रभावकारी अनुगमन तथा नियन्त्रण हुने । |
| ३०. | दफा ३६ को उपदफा (२) | वढी अवधि वा ठुलो रकमको ठेक्का, वहाल वा भू-वहाल दिंदा धार्मिकस्थलहरूलाई स्वेच्छाचारी ढंगबाट निर्णय गर्न रोक लगाउनु पर्ने भएकोले । | वढी अवधि र ठुलो रकमको ठेक्का, वहाल वा भू-वहाल दिदा लिनुपर्ने पूर्व स्विकृति सम्बन्धी विधि/प्रक्रिया नियमावलीमा तोकिने । | धार्मिकिस्थलको स्वेच्छाचारी तथा नियन्त्रण गर्न सकिने र उनीहरूको आर्थिक हित संरक्षण हुने । |
| ३१. | दफा ४० को उपदफा (१) | राजगुठी र सार्वजनिक गुठीको धार्मिकस्थल संचालन अन्य कुनै व्यक्ति वा समितिबाट समेत गर्नुपर्ने अवस्था आउन सक्ने भएकोले । | राजगुठी र सार्वजनिक गुठीको धार्मिकस्थल कुनै व्यक्ति वा समितिबाट संचालन गराउँदा आह्वान गर्नुपर्ने प्रस्तावको विधि, प्रक्रिया नियमावलीमा तोकिने । | विशेष परिस्थितिमा राजगुठी तथा सार्वजनिक गुठीको संचालन गर्न परेमा योग्य व्यक्ति वा समितिबाट गराउन सकिने । |
| ३२. | दफा ४० को उपदफा (२) | राजगुठी र सार्वजनिक गुठीको संचालन गर्ने सम्बन्धमा प्राप्त प्रस्तावको योग्यता शर्त निर्धारण गर्नुपर्ने भएकोले । | राजगुठी र सार्वजनकि गुठीको संचालन गर्ने सम्बन्धमा प्राप्त प्रस्तावको योग्यता तथा शर्तहरू नियमावलीमा तोकिने . | योग्यता र शर्त निर्धारणबाट योग्य संचालक छनौट गर्न सकिने तथा प्रभावकारी रुपमा धार्मिकस्थल संचालन तथा व्यवस्थापन हुने । |
| ३३. | दफा ४० को उपदफा (३) | राजगुठी वा सार्वजनकि गुठी अन्तर्गतका धार्मिकस्थल संचालन गर्न चाहने प्रस्तावकको प्रस्ताव मुल्यांकन गर्नुपर्ने भएकोले । | प्रस्तावकको प्रस्तावको मुल्यांकन गर्ने विधि, प्रक्रिया नियमावलीमा तोकिने । | सबैभन्दा बढी योग्य व्यवस्थापन समितिबाट १८ धार्मिकस्थल व्यवस्थापन अधिकार नियुक्त हुने । |
| ३४. | दफा ४१ को उपदफा (१) | आर्थिक अवस्था कमजोर भएका धार्मिक स्थलको संचालन गर्न सहयोग गर्नुपर्ने भएकोले । | के कति रकमभन्दा कम आम्दानी भएका धार्मिक स्थललाई अत्यावश्यकीय कोषबाट रकम दिन भन्ने कुरा | आर्थिक अवस्था कमजोर भएका धार्मिकस्थलहरूको संचालन र व्यवस्थापन सहज हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीमा तोकिने । | |
| ३५. | दफा ४१ को उपदफा (३) | कमजोर आर्थिक अवस्था भएका राजगुठी वा सार्वजनिक गुठीलाई सहयोग गर्नुपर्ने भएकोले । | के कति रकमभन्दा कम आम्दानी भएका राजगुठी वा सार्वजनिक गुठी अन्तर्गतका धार्मिक स्थललाई सहयोग गर्ने भन्ने कुरा नियमावलीमा तोकिने । | कमजोर आर्थिक अवस्था भएका राजगुठी वा सार्वजनिक गुठी अन्तर्गतका धार्मिक स्थलहरूको संचालन र व्यवस्थापन सहजता आउने । |
| ३६. | दफा ४३ को उपदफा (२) | धार्मिक स्थल व्यवस्थापन समितिको सदस्यको आर्थिक सुविधाका वारेमा स्पष्ट पार्नुपर्ने भएकोले | धार्मिकस्थल व्यवस्थापन समितिका सदस्यले पाउने भ्रमण खर्च नियमावलीमा तोकिने | धार्मिकस्थलको आर्थिक कारोवार व्यवस्थित हुने |
| ३७. | दफा ४६ को उपदफा (२) | नियमित प्रक्रियाबाट मठाधिश नियुक्त नभएको अवस्थामा धार्मिकस्थल संचालनमा वाधा नपरोस भन्नका लागि विशेष प्रक्रियाबाट मठाधिश नियुक्त गर्नुपर्ने भएकोले । | विशेष प्रक्रियाबाट मठाधिश नियुक्त गर्नुपर्ने अवस्थामा सूचना प्रकाशन गर्दा सो को विधि, प्रक्रिया नियमावलीमा तोकिने । | धार्मिकस्थलको संचालन र व्यवस्थापन नियमित गर्न सहज हुने । |
| ३८. | दफा ५० को उपदफा (३) | मठाधिशको उत्तराधिकारीको मनोनयनलाई मान्यता दिन सकिने व्यवस्था गर्नुपर्ने भएकोले । | मठाधिशको उत्तराधिकारीको योग्यताको छानविन गर्ने विधि प्रक्रिया तोकिने । | उपयुक्त छानविन प्रक्रियाबाट उत्तराधिकारी योग्य छ, छैन निर्क्यौल गर्न सकिने । |
| ३९. | दफा ५२ को उपदफा (४) | वाली ठेक्कामा रहेको गुठी तैनाथी तैनाथी जग्गालाई समान प्रकृतिको अन्य कृषि व्यवसायिक कार्यका लागि समेत ठेक्का दिन सकिने व्यवस्था गर्नु उपयक्त भएकोले । | वाली ठेक्कामा रहेको गुठी तैनाथी जग्गालाई अन्य कृषि व्यवसायिक कार्यका लागि दिइने ठेक्काको विधि, प्रक्रिया नियमावलीमा तोकिने । | प्रयोजनको गुठी तैनाथी जग्गा कृषिजन्य व्यावसायमा समेत उपभोग गर्न सकने तथा ठेक्का दिन सहज हुने । |
| ४०. | दफा ५२ को उपदफा (६) | गुठी तैनाथी जग्गा अन्तर्गतको 'अन्य' वर्गमा परेको जग्गाको उचित व्यवस्थापन गर्नुपर्ने भएकोले । | 'अन्य' वर्गमा पर्ने गुठी तैथानी जग्गाको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा नियमावलीमा तोकिने । | 'अन्य' वर्गको गुठी तैनाथी जग्गाको उचित व्यवस्थापन हुने । |
| ४१. | दफा ५३ | गुठी तैनाथी जग्गामा घर | गुठी तैनाथी जग्गामा घर निर्माण | घर निर्माण भइसकेको |

| | | | | |
|---|---|---|---|---|
| | को उपदफा (१) | निर्माण भइराकेको अवस्थामा घरसार गर्न नसकिने भएकोले त्यस्तो जग्गा रैतान नम्वरी गर्नुपर्ने अवस्था आउने भएकोले । | भइसकेको अवस्थामा के कती जग्गा रैतानी गर्ने मिल्ने भन्ने कुरा नियमावलीमा तोकिने । | अवस्थामा त्यसो घर र घरले चर्चेको जग्गा घर बनाउने व्यक्तिले पाउने अवस्था आउने । |
| ४२. | दफा ५३ को उपदफा (२) | गुठी रैतानीमा परिणत गरिने जग्गाको क्षेत्रफल निश्चित गर्नुपर्ने भएकोले । | के कति सम्म जग्गा गुठी रैतानीमा परिणत हुने भन्ने विषयमा नियमावलीमा तोकिने । | गुठी जग्गाको संरक्षण हुने । |
| ४३. | दफा ५३ को उपदफा (४) | गुठी रैतानीमा परिणत भएको जग्गाको मूल्य बुझाउने समय तोक्नु पर्ने भएकोले । | गुठी रैतानीमा परिणत भएको जग्गाको मूल्य बुझाउने समय नियमावलीमा तोकिने । | निश्चित समयमा रकम प्राप्त हुने |
| ४४. | दफा ५३ को उपदफा (५) | धार्मिक, सार्वजनिक, साँस्कृतिक महत्वका स्थानमा भएका तैनाथी जग्गा दर्ता गर्न रोक लगाउन नपर्ने भएकोले । | धार्मिक, सार्वजनिक सास्कृतिक महत्वका गुठी तैनाथी जग्गा मध्येका जग्गामा घर निर्माण भएको भएतापनि दर्ता गर्न रोक लगाउने भन्ने कुरा नियमावलीमा तोकिने । | धार्मिक, सास्कृतिक तथा सार्वजनिक महत्वका गुठी तैनाथी जग्गाको संरक्षण हुने । |
| ४५. | दफा ५४ को उपदफा (४) | प्राधिकरणको हक कायम हुन आएका सम्पत्तिको व्यवस्थापन तथा संचालन गर्नुपर्ने भएकोले । | प्राधिकरणको हक कायम हुन आएका सम्पत्तिको संचालन तथा व्वस्थापन गर्ने विधि, प्रक्रिया नियमावलीमा तोकिने । | प्राधिकरणलाई प्राप्त हुने सम्पत्तिको संचालन र व्यवस्थापन प्रभावकारी ढंगबाट हुने । |
| ४६. | दफा ५८ को उपदफा (१) | गुठी अधिनस्थ जग्गा मोहीलाई आवश्यकता अनुसार भवन, पूर्वाधार निर्माण गर्न दिन उपर्युक्त हुने भएकोले । | गुठी अधिनस्थ जग्गा मोहीलाई भवन, पूर्वाधार बनाउने अनुमति दिदाँ लाग्ने दस्तुर नियमावलीमा तोकिने । | भवन, पूर्वाधार निर्माण गर्दा दस्तुर निर्धारण यथार्थपरक र न्याय संगत हुन जाने । |
| ४७. | दफा ५८ को उपदफा (२) | यो ऐन प्रारम्भ हुनपूर्व नै गुठी अधिनस्थ जग्गामा मोहीले बनाएको भवन, पूर्वाधारलाई हटाउन भन्दा थप दस्तुर लिई तिनलाई नै उपभोग गर्न दिनु उपयुक्त भएकोले । | यो ऐन प्रारम्भ हुनु पूर्व नै गुठी अधिनस्थ जग्गामा मोहीले बनाएको भवन, पूर्वाधारलाई नियमित गर्ने अधिकारी नियमावली तोकिने । | औचित्य र आवश्यकताका आधारमा भवन तथा पूर्वाधार नियमित हुन जाने । |
| ४८. | दफा ५९ | गुठी अधिनस्थ जग्गाको | गुठी अधिनस्थ जग्गाको | गुठी अधिनस्थ जग्गाको |

| | | | | |
|---|---|---|---|---|
| | | मोहीयानी हक हस्तान्तरण गर्न वा धितोबन्धक दिन सक्ने व्यवस्था गरी मोहीको न्याय संगत हक स्थापित गर्नु पर्ने भएकोले । | मोहीयानी हक धितोवन्धक राख्न वा अन्य व्यहोराले हस्तान्तरण गर्न सिफारिस दिने अधिकारी नियमावलीमा तोकिने । | न्यायसंगत हक स्थापित हुने । |
| ४९. | दफा ६० को उपदफा (१) | ऐतिहासिक, सांस्कृतिक, सार्वजनिक स्थलहरुको संरक्षण गर्नु पर्ने भएकोले । | ऐतिहासिक, सांस्कृतिक, सार्वजनिक महत्वका स्थलमा रहेका के-कस्ता जग्गा गुठी रैतान नम्बरी गर्न नपाइने भन्ने नियमावली तोकिने । | ऐतिहासिक, सांस्कृति, सार्वजनिक महत्वका स्थलहरू संरक्षण हुने। |
| ५० | दफा ६७ को उपदफा (८) | धार्मिक स्थल, मठ, मन्दिर आदिको संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने, कमी कमजोरीहरु पहिचान गरी निराकरण गर्नु पर्ने भएकोले । | अनुगमन सम्बन्धी तरिका, समय, पटक विधि, प्रक्रिया नियमावलीमा तोकिने । | धार्मिक स्थल मठ, मन्दिर आदिको व्यवस्थापन तथा संचालन प्रभावकारी हुने । |
| ५१ | दफा ७० को उपदफा (३) | गुठी जग्गाको उचित व्यवस्थापन र यस सम्बन्धी सेवा प्रवाह गर्नु पर्ने भएकोले । | गुठी जग्गा दर्ता नामसारी दाखिल खारेज जस्ता कार्य गर्ने अधिकार प्राप्त अधिकारी र उक्त कार्यहरुको विधि, प्रक्रिया नियमावलीमा तोकिने । | गुठी जग्गाको प्रभावकारी व्यवस्थापन हुनुका साथै सेवा प्रवाह व्यवस्थित हुन जाने |
| ५२ | दफा ७१ को उपदफा (२) | हदवन्दी भन्दा बढीको गुठी मोहियानी जग्गा गुठी तैनाथी जग्गाको रुपमा राखी जग्गाको संरक्षण गर्नु पर्ने भएकोले । | हदवन्दी भन्दा बढी गुठी मोहियानी जग्गाको लगतकट्टा गर्ने अधिकारी नियमावलीमा तोकिने । | हदवन्दी भन्दा बढी जग्गा गुठीले प्राप्त गर जग्गाको संरक्षण हुन जाने । |
| ५३ | दफा ७२ को उपदफा (१) | उपयोगमा नरहेको गुठी जग्गालाई सही सदुपयोग गर्नुका साथै प्राधिकरण तथा प्रदेश गुठी व्यवस्थापन समितिको आर्थिक अवस्था सुदृढ गर्नु पर्ने भएकोले । | उपयोगमा नरहेको गुठी जग्गामा हाट मेला वा अन्य वजार व्यवस्थापन गराउँदा अपनाउने विधि, प्रक्रिया नियमावलीमा तोकिने । | प्राधिकरण तथा प्रदेश भूमि व्यवस्थापन समितिको आर्थिक सुदृढिकरण हुनुका साथै जग्गाको सदुपयोग हुने |
| ५४ | दफा ७६ को उपदफा | गुठी जग्गाको असुल गर्नुपर्न कुत, शुल्क, वहाल | गुठी जग्गाको कुत, शुल्क, वहाल जस्ता असुल गर्न पर्ने वक्यौता | असुल गर्नु पर्ने कुल,शुल्क वहाल लगायत वक्यौता |

| | | | | |
|---|---|---|---|---|
| | (१) | लगायतका रकमहरु असुलीको सुनिश्चितता गर्नुपर्ने भएकोले । | रकमको लागि राखिएको जमानत वा अन्य सम्पत्तिबाट असुल गर्ने विधि, प्रक्रिया नियमावलीमा तोकिने । | रकमहरु असूलीको सुनिश्चितता हुन जाने । |
| ५५ | दफा ७६ को उपदफा (२) | वक्यौता रकम असुल गर्दा लागेको रकम तथा व्याज र जरिवाना रकम असुल गर्नु पर्ने भएकोले । | असुल गरिने व्याज रकम तथा जरिवाना रकम नियमावलीमा तोकिने । | गुठी जग्गाको कुल, शुल्क वहाल लगायतको वक्यौता रकम समयमै असुली गर्न सहज हुने। |
| ५६ | दफा ७९ को उपदफा (१) | गुठीमा प्राप्त हुन आएका सम्पत्ति तथा सवै प्रकारका जिन्सीको व्यवस्थित लगत राख्नुपर्ने भएकोले । | गुठी सम्पत्ति तथा सवै प्रकारका जिन्सीको लगत जाँच गर्ने अधिकारी नियमावलीमा तोकिने । | गुठीको सम्पत्ति तथा जिन्सीको संरक्षण र व्यवस्थित उपयोग हुने । |
| ५७ | दफा ७९ को उपदफा (२) | गुठीयार परिवर्तन भए पछि नयाँ गुठियारलाई जिम्मेवार वनाउनु पर्ने भएकोले । | गुठीको माल समान तथा सम्पत्तिको वरवुझारथ गर्ने विधि, प्रक्रिया नियमावलीमा तोकिने । | सम्पत्ति तथा सरससमानको संरक्षण र व्यवस्थित अभिलेख रहने । |
| ५८ | दफा ८० को उपदफा (१) | मन्दिर तथा धार्मिक स्थलमा चढाएका चिज वस्तुहरुको प्रवृत्ति अनुसार वर्गिकरण गर्न उपयुक्त हुने भएकोले। | मन्दिर तथा धार्मिक स्थलमा चढाएका चिजवस्तुहरुको वर्गीकरण नियमावलीमा तोकिने । | चिज वस्तुहरको प्रवृत्ति अनुसार छुट्ट छुट्टै अभिलेख राख्न सहज हुने। |
| ५९ | दफा ८० को उपदफा (२) | पुरातात्विक महत्वमा वस्तुहरुको संरक्षण गर्नु पर्ने र अन्यको उचित व्यवस्थापन गर्न पर्ने भएकोले | पुरातात्विक वस्तुको संरक्षण के कसरी गर्न तथा अन्य वस्तुको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको विधि, प्रक्रिया नियमावलीमा तोकिने | पुरातात्विक वस्तुको संरक्षण हुने । |
| ६० | दफा ८७ को उपदफा (१) | नयाँ ऐनमा गुठी जग्गाको दर्ता, दाखिल खारेज, मोही लगत कट्टा लगायतका काम गर्ने निकाय परिवर्तन हुने भएकोले | गुठी जग्गाको दर्ता, दाखिल खारेज, लगतकट्टा लगायतका काम गर्ने कार्यालय नियमावलीमा तोकिने। | गुठी जग्गाको दर्ता दाखिल खारेज, मोही लगतकट्टा लगायतका कार्य गर्ने कार्यालय स्थापना हुने । |
| ६१ | दफा ९४ को उपदफा (१) | देशै भरीका सवै प्रकारका गुठीहरुको केन्द्रीय विवरण तयार गरी आद्यावधिक गरिराख्न पर्ने भएकोले । | प्रदेश गुठी व्यवस्थापन समितिले प्राधिकरणमा पठाउने प्रतिवेदनमा समावेश हुने विषयको विवरण नियमावलीमा तोकिने । | देशै भरीका गुठीको केन्द्रीय लगत तयार गर्न सकिने । |
| ६२ | दफा ९४ | गुठी सम्बन्धी सम्पूर्ण | प्रधिकरणले नेपाल सरकार समक्ष | नेपाल सरकार नेपाल भरी |

| | | | | |
|---|---|---|---|---|
| | को उपदफा (२) | विवरणको वारेमा नेपाल सरकारले जानकारी राख्नु पर्ने भएकोले । | पेश गर्ने समावेश हुने विषयको विवरण नियमावलीमा तोकिने । | मा भएको गुठीको सम्बन्धमा जानकार हुने |
| ६३ | दफा ९५ | गुठी सम्बन्धी विभिन्न संगठनात्मक संरचनामा रहने पदाधिकारीलाई आफ्नो काम कर्तव्य प्रति जवाफदेही जिम्मेवार बनाउनु पर्ने भएकोले । | पदाधिकारहरुले लिने सपथको ढाँचा विनियमावलीमा तोकिने । | गुठीको व्यवस्थापन र संचालनमा जवाफ देहिया उत्तरदायित्व कामय हुने |

# गुठी सम्बन्धी कानूनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : गुठीको मूलभूत मान्यता अनुरूप राजगुठी, सार्वजनिक गुठी र निजी गुठीलाई व्यवस्थित गरी सामाजिक न्यायको आधारमा गुठी जग्गामा भोगाधिकार रहेका किसान तथा गुठीको अधिकार संरक्षण गरी सार्वसाधारणको हित कायम गर्न, गुठी जग्गमा उत्पादकत्व बढाउन तथा गुठीको विकास, सञ्चालन र व्यवस्थापनको लागि राष्ट्रिय गुठी प्राधिकरणको स्थापना गर्नको लागि गुठी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गुठी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अमानती गुठी" भन्नाले गुठीलाई प्राप्त हुने आम्दानी गुठी कोषमा जम्मा गरी विनियोजन गरिएको रकम गुठी कार्यमा खर्च गर्ने गरी प्राधिकरणले सञ्चालन र बन्दोबस्त गरेको गुठी सम्झनु पर्छ ।

(ग) "खान्गी जग्गा" भन्नाले गुठीको निश्चित काम गरे वापत गुठीयारले जोती भोग गरेको गुठी जग्गा सम्झनु पर्छ ।

(घ) "गुठी" भन्नाले कुनै मठ वा कुनै धार्मिक देवी-देवताका पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, धार्मिकस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर, इमारत वा संस्था बनाउन, सञ्चालन वा संरक्षण गर्न कुनै दाताले आफ्नो चल वा अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी दिएको गुठी सम्झनु पर्छ ।

(ङ) "गुठी अधीनस्थ जग्गा" भन्नाले मोहीले प्राधिकरणलाई जिन्सी वा नगदीमा कूत बुझाउनु पर्ने गरी गुठीको लगतमा दर्ता भएको गुठी जग्गा सम्झनु पर्छ ।

(च) "गुठी जग्गा" भन्नाले कुनै गुठी वा धार्मिकस्थलको नाममा दर्ता रहेको जग्गा, गुठीमा गुठीपोत, मालपोत, कुत वा अन्य कुनै रकम बुझाउनु पर्ने गरी व्यक्तिको नाउँमा दर्ता रहेको जग्गा तथा गुठीको दानपत्र, शीलापत्र, लालमोहर, खड्ग निशाना, ताम्रपत्र, सनद, सवाल, लगत, जम्माबन्दी, मेठबन्दी आदिमा लेखिएको जग्गा सम्झनु पर्छ र सो शब्दले सबै किसिमका निजी गुठीको जग्गालाई समेत जनाउँछ ।

(छ) "गुठी जिमीदारी" भन्नाले कुनै जिमीदारी मौजामा गुठीको हक भई गुठीमा मालपोत दाखिल गर्ने जिमीदारीलाई सम्झनु पर्छ ।

(ज) "गुठी तैनाथी जग्गा" भन्नाले कसैको नाममा गुठी अधीनस्थ जग्गा वा गुठी रैतान नम्बरी जग्गाको लगतमा दर्ता नभएको गुठीको सम्पूर्ण अधिकार भएको गुठी जग्गा सम्झनु पर्छ र सो शब्दले गुठीयारले जोत भोग गरिआएको जग्गा र पाटी, पौवा, सत्तल, धार्मिकस्थल परिसर, वाग-वगैंचा रहेको गुठी जग्गालाई समेत जनाउँछ ।

(झ) "गुठीयार" भन्नाले गुठीको दाता वा निजको हकवाला, गुठीको सञ्चालक, गुठी चलाउन वा गुठीको शेषकसर खान पाउने हक भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले गुठीको महन्त, पुजारी, खान्गीदार, रकमी, कामदारलाई समेत जनाउँछ ।

(ञ) "गुठी रैतान नम्बरी जग्गा" भन्नाले दर्तावालाले प्राधिकरणलाई गुठीपोत, घरकर बुझाउनु पर्ने गुठी जग्गा सम्झनु पर्छ ।

(ट) "छुट गुठी" भन्नाले गुठीको आयस्ता असूल गरी गुठीको दानपत्र, शिलापत्र, लालमोहर, सनद, लगत, परम्परा बमोजिमको कार्यमा खर्च गरी बाँकी रहेको शेषकसर वा सलामी राज गुठीमा बुझाउनु पर्ने वा नपर्ने गरी सञ्चालन गरिआएको गुठी सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "धार्मिकस्थल व्यवस्थापन समिति" भन्नाले दफा २८ बमोजिम गठित धार्मिकस्थल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) "निजी गुठी" भन्नाले यस ऐन प्रारम्भ हुनु अघि वा यस ऐन प्रारम्भ भएपछि कुनै व्यक्तिले आफ्नो वा आफ्नो परिवार वा कुलका सदस्यले मात्र पूजाआजा गर्न पाउने गरी निजी सम्पत्तिमा सञ्चालन र व्यवस्थापन गरेको गुठी सम्झनु पर्छ ।

(ण) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय गुठी प्राधिकरण सम्झनु पर्छ ।

(त) "प्रदेश गुठी व्यवस्थापन समिति" भन्नाले दफा १९ बमोजिम गठन हुने प्रदेश गुठी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(थ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ११ बमोजिम नियुक्त प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(द) "मठ" भन्नाले मठाधीशले धर्म-दर्शन, सम्बन्धित सम्प्रदाय, आगम जस्ता विषयमा प्रवचन, शिक्षण, प्रचार-प्रसार गर्ने; निजका चेला गुरुकुलको नियममा रही गुरुको आदेश, शिक्षा, निर्देशन बमोजिम धार्मिक शिक्षा शिक्षण, तालीम, प्रचार-प्रसार, प्रवचन आदि कार्यमा लाग्ने गरी स्थापना भएको पवित्र धार्मिक स्थल सम्झनु पर्छ र सो शब्दले मठसँग सम्बन्धित धार्मिकस्थल तथा धार्मिक शिक्षा शिक्षण गर्ने एवं तालीम दिने स्थानलाई समेत जनाउँछ ।

(ध) "मठाधीश" भन्नाले महन्त वा अन्य कुनै पद नामबाट आध्यात्मिक प्रमुखको रूपमा मठको सञ्चालन तथा व्यवस्थापन गर्ने व्यक्ति सम्झनु पर्छ ।

(न) "मन्त्रालय" भन्नाले गुठी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(प) "राजगुठी" भन्नाले गुठी संस्थान ऐन, २०३३ प्रारम्भ हुनु अघि सरकारी गुठीको लगतमा दर्ता भएको वा दर्ता गराउनु पर्ने गरी सञ्चालन र बन्दोबस्त भएको अमानती गुठी तथा छुट गुठी सम्झनु पर्छ र सो शब्दले गुठी संस्थान ऐन, २०३३ बमोजिम गुठी संस्थानले हक दायित्वमा लिई सञ्चालन र बन्दोबस्त गर्दै आएको गुठीलाई समेत जनाउँछ ।

(फ) "विद्वत सभा" भन्नाले दफा १४ बमोजिम गठन हुने विद्वत सभा सम्झनु पर्छ ।

(ब) "समिति" भन्नाले प्राधिकरणको दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

(भ) "सार्वजनिक गुठी" भन्नाले सार्वजनिक स्थलमा स्थापना भई सञ्चालन र बन्दोवस्त भएको गुठी, निजी जग्गामा निर्माण भए तापनि राज्यको तर्फबाट गुठीको रूपमा जग्गा राखी सोको आयस्ताबाट सञ्चालित गुठी, गुरु चेला परम्परामा सञ्चालित गुठी वा धार्मिक कार्य, दुई वा दुईभन्दा बढी व्यक्तिहरूको दान, चन्दा, सहयोगबाट निर्माण, पुनर्निर्माण, जिर्णोद्धार भएका धार्मिकस्थल वा गुठी सम्झनु पर्छ र सो शब्दले खण्ड (ढ) बमोजिमको निजी गुठी बाहेकका अन्य सबै प्रकारका निजी गुठी तथा धार्मिकस्थललाई समेत जनाउँछ ।

## परिच्छेद-२

## राष्ट्रिय गुठी प्राधिकरण

३. प्राधिकरणको स्थापना : (१) गुठीको एकीकृत विकास, सञ्चालन, व्यवस्थापन र प्रशासन गर्नको लागि एक राष्ट्रिय गुठी प्राधिकरणको स्थापना गरिएको छ ।

(२) प्राधिकरणको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्राधिकरण मातहत रहने गरी तोकिए बमोजिमका कार्यालय रहनेछन् ।

(३) प्राधिकरणले तोकिए बमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, कुनै प्रकारले हक हस्तान्तरण गर्न तथा आवश्यकता अनुसार व्यवस्थापन गर्न सक्नेछ ।

(४) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(५) प्राधिकरणले आफ्नो नामबाट नालिस गर्न सक्नेछ र त्यस उपर समेत सोही नामबाट नालिस लाग्न सक्नेछ ।

४. प्राधिकरणको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजगुठी उपर प्राधिकरणको हक दायित्व राखी सो को सञ्चालन गर्ने गराउने,

(ख) सार्वजनिक गुठी व्यवस्थित रूपमा सञ्चालन गर्ने गराउने,

(ग) धार्मिकस्थलको धार्मिक तथा सांस्कृतिक पूजा, पर्व, जात्रा, यात्रा आदि कार्य दानपत्र, लिखत, परम्परा बमोजिम सञ्चालन गर्ने गराउने,

(घ) राजगुठी र सार्वजनिक गुठीको सम्पत्ति वा त्यसबाट प्राप्त आम्दानीवाट धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी कार्यमा लगाउने,

(ङ) अनुदान, दान, दातव्य, चल अचल सम्पत्ति प्राप्त गर्ने,

(च) निजी गुठीलाई सार्वजनिक गुठीमा परिणत गरी यस ऐन बमोजिम सञ्चालन गर्ने गराउने,

(छ) प्राचीन गरगहना, धार्मिक, सांस्कृतिक वस्तुहरूको लगत राखी संरक्षण गर्ने गराउने,

(ज) धार्मिक तथा सांस्कृतिक पर्यटनको माध्यमबाट धार्मिकस्थलको आर्थिक विकास गर्ने,

(झ) राजगुठी र सार्वजनिक गुठी जग्गाको संरक्षण तथा व्यवस्थापन गर्ने,

(ञ) प्राधिकरणको तर्फबाट कानूनी कारबाही चलाउने वा प्राधिकरण उपर चलेको कानूनी कारबाहीको प्रतिरक्षा गर्ने र अदालतबाट भएका फैसला वा आदेश बमोजिम काम कारबाही गर्ने,

(ट) गुठीको आम्दानीबाट गुठी चलाउने, खर्च गर्ने,

(ठ) यो ऐन र प्रचलित कानून बमोजिम धार्मिकस्थलको व्यवस्थापन गर्दा धार्मिकस्थलको हित हुने अन्य काम गर्ने गराउने ।

५. प्राधिकरणले गर्न नहुने कार्य : प्राधिकरणले देहायको कुनै कार्य गर्न हुँदैन :-

(क) यस ऐनमा व्यवस्था भएकोमा बाहेक गुठी जग्गामा गुठीको स्वामित्व छाडीदिन,

(ख) नेपाल सरकारको नीति विपरीत गुठी ऐलानी जग्गालाई गुठी रैतान नम्बरी जग्गा वा गुठी अधीनस्थ जग्गामा दर्ता गर्न,

(ग) धार्मिकस्थल र गुठीको धार्मिक कार्यमा बाधा पर्ने वा प्राधिकरणलाई नोक्सान हुने कुनै कार्य गर्न ।

६. सञ्चालक समितिको गठन : (१) प्राधिकरणको काम कारबाहीको रेखदेख, समन्वय, नियन्त्रण, निर्देशन र व्यवस्थापनको लागि प्राधिकरणमा देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले नियुक्त गरेको एक जना व्यक्ति | -अध्यक्ष |
| (ख) | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य |
| (च) | धार्मिक, सांस्कृतिक र सम्पदा संरक्षण क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्ये प्रत्येक विधाबाट नेपाल सरकारले मनोनीत गरेका एक जना महिला सहित तीनजना | -सदस्य |
| (छ) | प्रमुख कार्यकारी अधिकृत | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) वा (च) बमोजिमका अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नभएमा, खराब आचरण भएमा वा

निजले इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) वा (च) बमोजिम समितिको अध्यक्ष र सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी ख्याति प्राप्त गरेको,

(ग) असल चालचलन भएको,

(घ) सनातन धर्म परम्पराप्रति आस्था र विश्वास भएको,

(ङ) कम्तीमा चालीस वर्ष उमेर पूरा भएको ।

७. <u>सदस्यको अयोग्यता</u> : देहायको कुनै व्यक्ति समितिको अध्यक्ष र सदस्य हुन अयोग्य मानिनेछ :-

(क) दामासाहीमा परेको,

(ख) मानसिक रूपमा अस्वस्थ रहेको,

(ग) धार्मिकस्थलसँगको ठेक्कापट्टामा संलग्न वा धार्मिकस्थललाई बुझाउनु पर्ने रकम बुझाउन बाँकी रहेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) धार्मिकस्थलको हित विपरीत काम गरेको,

(च) सनातन धर्म परम्परामा नरहेको ।

८. <u>अध्यक्ष वा सदस्यको पद रिक्त हुने अवस्था</u> : देहायको कुनै अवस्थामा समितिको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) दफा ७ मा उल्लिखित कुनै अयोग्यता भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) बिना सूचना वा मनासिव कारण बिना समितिको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम नेपाल सरकारले हटाएमा,

(च) निजको मृत्यु भएमा ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गुठी सम्बन्धी नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) प्राधिकरण वा गुठीको लागि कुनै अनुदान, दान दातव्य, चल अचल सम्पत्ति प्राप्त गर्ने,

(ग) प्राधिकरणको काम कारबाहीको रेखदेख, नियन्त्रण, व्यवस्थापन गर्ने,

(घ) विद्वत सभाले दिएको राय, सल्लाह, सुझाव कार्यान्वयन गर्ने, गराउने,

(ङ) लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी बेरुजु फछ्र्यौट तथा सम्परीक्षण गर्ने गराउने,

(च) यस ऐन बमोजिम निजी गुठीलाई सार्वजनिक गुठीमा परिणत गरी सञ्चालन गर्ने, गराउने,

(छ) धर्म र संस्कृति सम्बन्धी नीतिमा राय परामर्श दिने,

(ज) धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सम्वद्ध निकायसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने,

(ञ) गुठीको आम्दानी सम्बन्धित गुठीको कार्यमा खर्च गर्ने, गराउने,

(ट) राजगुठी र सार्वजनिक गुठीको पूजा पद्धति (दित्तम) तथा खर्चको दरबन्दी स्वीकृत गर्ने,

(ठ) राजगुठी र सार्वजनिक गुठीको बन्दोबस्त वा सञ्चालन गर्ने,

(ड) यस ऐन अन्तर्गत प्राधिकरणलाई भएको अधिकारको प्रयोग गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. प्रमुख कार्यकारी अधिकृत : (१) नेपाल सरकारले मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको नेपाली नागरिक मध्येबाट एक जनालाई प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृतको पदावधि पाँच वर्षको हुनेछ र निजलाई एक पटकको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

१२. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दानपत्र, शिलापत्र, लिखत, परम्परा बमोजिमको धार्मिक पर्व, पूजा, धर्मलोप नहुने गरी सञ्चालन गर्ने, गराउने,

(ख) गुठी सम्बन्धी नीति, कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) राजगुठी र सार्वजनिक गुठीको चल अचल सम्पत्तिबाट प्राप्त हुने आम्दानी धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी कार्यमा लगाउने,

(घ) राजगुठी र सार्वजनिक गुठीको आम्दानीबाट फजुल खर्च घटाउने, चुहावट रोक्ने, खर्च व्यवस्थापन गर्ने र आवश्यकता अनुसार कर्मचारीको दरबन्दी प्रस्ताव तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) गुठीको लगत, लिखत, प्राचीन गरगहना, धार्मिक, सांस्कृतिक वस्तुहरूको अभिलेख राख्ने,

(च) समितिले तोकेका कार्य गर्ने, र

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. कर्मचारी दरबन्दी तथा सङ्गठन संरचना : (१) समितिले प्राधिकरणमा चाहिने कर्मचारी दरबन्दी तथा सङ्गठन संरचनाको निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी दरबन्दी तथा सङ्गठन संरचना निर्धारण गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) प्राधिकरणमा रहने कर्मचारीको सेवा, शर्त तथा सुबिधा बिनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## विद्वत सभा

१४. विद्वत सभाको गठन : (१) धर्म, संस्कृति र परम्परा सम्बन्धी विषयमा समितिलाई राय, सल्लाह, सुझाव तथा मठ सञ्चालन विषयमा परामर्श समेत दिन प्राधिकरणमा देहाय बमोजिमको एक विद्वत सभाको गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | धार्मिक, सांस्कृतिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको ख्याति प्राप्त विद्वान, सनातन धर्मप्रति आस्था एवं विश्वास भई धार्मिकस्थल तथा मन्दिर प्रणालीको उत्थान र विकासमा प्रतिवद्ध नेपाली नागरिकहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना | - सभापति |
| (ख) | अध्यक्ष | – सदस्य |
| (ग) | उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय | – सदस्य |
| (घ) | मान्यता प्राप्त विश्वविद्यालयका नेपाली, इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुखहरूमध्येबाट प्राधिकरणबाट मनोनीत एक जना | – सदस्य |
| (ङ) | कम्तीमा स्नातक उपाधि हासिल गरेको र सनातन धर्मप्रति आस्थावान, धार्मिकस्थल प्रणालीको उत्थान र विकासको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको नेपाली नागरिकहरूमध्येबाट प्रत्येक प्रदेशबाट कम्तीमा एकजना महिला सहित चार जनाको दरले प्रतनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनीत अठ्ठाइस जना | – सदस्य |
| (च) | प्रमुख कार्यकारी अधिकृत | – सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (क) र (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(३) उपदफा (१) को खण्ड (क) वा ( ङ)  बमोजिम मनोनीत सभापति वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नभएमा समितिको सिफारिसमा नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर, त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

१५. विद्वत सभाको काम र कर्तव्य : (१) देहाय बमोजिमका विषयमा समितिलाई राय, सल्लाह दिनु विद्वत सभाको कर्तव्य हुनेछ :-

(क) गुठी सम्बन्धी प्राचीन रीतिस्थिति,

(ख) धर्म र संस्कृति सम्बन्धी नीति,

(ग) धार्मिक एवं सांस्कृतिक विधि, परम्परा,

(घ) मठाधीशको नियुक्ति, अवकाश, आचरण र मठ सञ्चालन, र

(ङ) समितिले आवश्यक ठानेका अन्य विषय ।

(२) उपदफा (१) बमोजिम राय, सल्लाह दिने प्रयोजनका लागि विद्वत सभाले आवश्यकता अनुसार सम्बन्धित विषय विशेषज्ञ रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(३) विद्वत सभाको अन्य काम र कर्तव्य तोकिए बमोजिम हुनेछ ।

१६. विद्वत सभाको बैठक र निर्णय : (१) विद्वत सभाको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) विद्वत सभाको बैठक कम्तीमा वर्षको एक पटक सभाको सभापतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) विद्वत सभाको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) विद्वत सभाको बैठकको अध्यक्षता सभाको सभापतिले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(५) विद्वत सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) विद्वत सभाको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(७) विद्वत सभाले सम्बन्धित विशेषज्ञ वा पदाधिकारीलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) विद्वत सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) विद्वत सभाको सभापति तथा सदस्यले सभाको बैठकमा भाग लिए वापत समितिले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

परिच्छेद–४

<u>प्राधिकरणको कोष तथा लेखा परीक्षण</u>

१७. <u>कोष</u> : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) गुठीको घर जग्गाबाट प्राप्त वहाल, ठेक्का रकम, कूत, गुठीपोत, घरकर वा अन्य रकम,

(ग) गुठी रकमको लगानीबाट प्राप्त व्याज र मुनाफा,

(घ) गुठी जग्गाको लिखत पारित गर्दा प्राप्त हुने दस्तुर,

(ङ) प्राधिकरणलाई प्राप्त हुने अन्य कुनै रकम ।

(३) प्राधिकरणलाई प्राप्त हुने सबै गुठी रकम प्राधिकरणको नाममा समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम ईजाजत प्राप्त 'क' वर्गको बाणिज्य बैङ्कमा खाता खोली राख्नु पर्नेछ ।

(४) प्राधिकरणको तर्फबाट गर्नुपर्ने खर्च कोषबाट बेहोरिनेछ ।

१८. <u>अक्षय कोषको स्थापना</u> : (१) राजगुठी र सार्वजनिक गुठीको सञ्चालन तथा व्यवस्थापनको लागि प्राधिकरणको नाममा एक अक्षय कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछ :-

(क) गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा परिणत हुँदा प्राप्त हुने रकम,

(ख) गुठी तैनाथी जग्गा बिक्रिबाट प्राप्त रकम,

(ग) अधिग्रहण भएका गुठी जग्गाको प्राप्त मुआब्जा वा क्षतिपूर्तिको रकम,

(घ) गुठी सम्बन्धी कुनै कार्य गर्ने प्रयोजनको लागि कसैले अक्षय कोष स्थापना गर्नको लागि दिएको रकम,

(ङ) अक्षय कोषको रकम लगानीवाट प्राप्त हुन आएको व्याज वा मुनाफाको पच्चीस प्रतिशत रकम ।

(३) अक्षय कोषको रकम समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम ईजाजत प्राप्त 'क' वर्गको कुनै वाणिज्य बैङ्कमा मुद्दती खाता खोली जम्मा गरिनेछ ।

(४) अक्षय कोषको रकम प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई आयमूलक कार्यमा लगानी गर्न सक्नेछ ।

(५) प्राधिकरणले उपदफा (४) बमोजिम गरेको लगानीबाट प्राप्त हुने व्याज वा मुनाफाको रकम मध्ये पच्चीस प्रतिशत रकम अक्षय कोषमा जम्मा गरी बाँकी तोकिएको कार्यमा खर्च गर्न सक्नेछ ।

(६) अक्षय कोषमा जम्मा भएको रकम प्राधिकरणले प्रत्येक धार्मिकस्थलको नाममा छुट्टाछुट्टै हिसाब राख्नु पर्नेछ।

## परिच्छेद–५

## प्रदेश गुठी व्यवस्थापन

१९. प्रदेश गुठी व्यवस्थापन समिति : (१) यस ऐनको अधीनमा रही प्रदेशभित्र रहेका गुठी, गुठी सम्पत्ति तथा धार्मिकस्थलको रेखदेख, संरक्षण, व्यवस्थापन र समन्वय गर्न प्रत्येक प्रदेशमा प्रदेश कानून बमोजिम प्रदेश गुठी व्यवस्थापन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश गुठी व्यवस्थापन समितिमा रहने सदस्यहरूको योग्यता, अयोग्यता तथा पदमा नरहने अवस्था लगायतका अन्य विषय यस ऐनको प्रतिकूल नहुने गरी प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२०. प्रदेश गुठी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रदेश गुठी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक नीति, कार्यक्रम तथा बजेट बनाई पारित गर्ने,

(ख) प्रदेशभित्रका गुठी तथा धार्मिकस्थलको काम कारबाहीको रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने,

(ग) दानपत्र, लिखत, परम्परा बमोजिम धार्मिकस्थलको नित्य-पूजा, पर्व, धार्मिक, सांस्कृतिक जात्रा, यात्रा आदि सञ्चालन गर्ने,

(घ) स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने,

(ङ) धार्मिकस्थलको लागि कुनै अनुदान, दान दातव्य, चल अचल सम्पत्ति प्राप्त गर्ने,

(च) कुनै गुठीको काममा सोही गुठीको आम्दानीबाट खर्च गर्ने गराउने,

(छ) राजगुठी र सार्वजनिक गुठीको पूजा पद्धति (दित्तम) तथा खर्चको दरबन्दी स्वीकृत गर्ने,

(ज) प्राचीन गरगहना, धार्मिक, सांस्कृतिक वस्तुहरूको लगत राख्ने,

(झ) धार्मिक तथा सांस्कृतिक पर्यटन प्रबर्द्धनका कार्य गर्ने,

(ञ) गुठीको आयस्रोत बढाउन आयमूलक कार्य गर्ने,

(ट) गुठीको जग्गा संरक्षण तथा व्यवस्थापन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२१. <u>प्रदेश गुठी व्यवस्थापन समितिको सचिवालय</u> : (१) प्रदेश गुठी व्यवस्थापन समितिको सचिवालय भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयमा रहनेछ ।

(२) प्रदेश गुठी व्यवस्थापन समितिको कार्य सम्पादनको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

## परिच्छेद-६

## <u>गुठी तथा धार्मिकस्थलको स्थापना, सञ्चालन र व्यवस्थापन</u>

२२. <u>गुठी वा धार्मिकस्थलको स्थापना तथा निर्माण गर्न स्वीकृति लिनु पर्ने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भएपछि सार्वजनिक वा निजी गुठी स्थापना गर्न वा धार्मिकस्थल निर्माण गर्न चाहने नेपाली नागरिकले प्रदेश गुठी व्यवस्थापन समितिको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी वा सार्वजनिक कुन प्रकारको गुठी स्थापना वा धार्मिकस्थल निर्माण गर्न खोजिएको हो सोको व्यहोरा सहित उपदफा (३) तथा तोकिए बमोजिमको अन्य विवरण संलग्न गरी प्रदेश गुठी व्यवस्थापन समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) सरकारी जग्गा, कुनै सङ्घ-संस्थाको वा निजी जग्गामा गुठी स्थापना वा धार्मिकस्थल निर्माण गर्न प्रस्ताव पेश गर्दा सम्बन्धित जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा र जग्गाधनीको स्वीकृतिपत्र, सो कार्यमा लाग्ने खर्च, खर्च व्यहोरिने स्रोतको प्रत्याभूति, स्थापना वा निर्माण पश्चात् अविच्छिन्न रूपमा सञ्चालन गर्न लाग्ने खर्चको स्रोत समेत खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिम छानबिन गर्दा स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा तोकिए बमोजिमको म्यादभित्र गुठी वा धार्मिकस्थल स्थापना वा निर्माण गर्न स्वीकृति प्रदान गरी सोको प्रमाणपत्र दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम दिएको प्रमाणपत्रमा उल्लिखित समयावधिभित्र गुठी स्थापना वा धार्मिकस्थल निर्माण सम्पन्न गरी सोको विवरण सहित सो को दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको समयावधिभित्र गुठी स्थापना वा धार्मिकस्थल निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको कारण खुलाई म्याद थपको लागि निवेदन प्राप्त हुन आएमा र त्यस्तो

कारण मनासिब देखिएमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिम म्याद थप गर्न सक्नेछ ।

(७) उपदफा (५) वा (६) बमोजिम गुठी वा धार्मिकस्थल दर्ताको लागि निवेदन परेमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिएको दस्तुर लिई तोकिएको शर्तको अधीनमा रही गुठी वा धार्मिकस्थल सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(८) गुठी वा धार्मिकस्थल सञ्चालन गर्न अनुमति दिँदाका बखत उपदफा (७) बमोजिम तोकिएका शर्त उल्लङ्घन भएमा प्रदेश गुठी व्यवस्थापन समितिले त्यस्तो अनुमति जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

तर, अनुमति खारेज गर्नु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम अनुमति खारेज भएका गुठी वा धार्मिकस्थललाई प्रदेश गुठी व्यवस्थापन समितिले सार्वजनिक सूचना प्रकाशन गरी तोकिए बमोजिम प्रतिस्पर्धा गराई सञ्चालन गर्न दिन सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम गुठी वा धार्मिकस्थल सञ्चालन गर्नको लागि सूचना प्रकाशित गर्दा सञ्चालन गर्न कसैको प्रस्ताव नपरेमा वा प्रस्ताव उचित नदेखिएमा त्यस्तो गुठी वा धार्मिकस्थलको सम्पत्ति सोही सम्प्रदायको नजिकको धार्मिकस्थललाई जिम्मा दिन वा प्रदेश गुठी व्यवस्थापन समिति आफैले प्रयोग गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम प्रदेश गुठी व्यवस्थापन समिति आफैंले त्यस्तो सम्पत्ति प्रयोग गरेमा त्यसबाट प्राप्त हुने आयस्ता दफा ४१ बमोजिमको अत्यावश्यकीय कोषमा जम्मा गर्नु पर्नेछ ।

(१२) उपदफा (९) बमोजिम गुठी वा धार्मिकस्थल सञ्चालन गर्ने व्यक्तिले त्यस्तो गुठी स्थापना वा धार्मिकस्थल निर्माणको उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।

(१३) उपदफा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आम्दानी कम भएको गुठी वा धार्मिकस्थलको सञ्चालन गर्दा दफा २५ बमोजिमको लगतमा आवश्यक हेरफेर गरी सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२३. <u>गुठीको हक र दायित्व प्राधिकरणमा सर्ने</u> : (१) यो ऐन प्रारम्भ हुनु अघि कायम रहेका छुट गुठी र सार्वजनिक गुठी यो ऐन प्रारम्भ भएपछि स्वतः राजगुठीमा परिणत हुनेछन् ।

(२) उपदफा (१) बमोजिम राजगुठीमा परिणत हुने छुट गुठी र सार्वजनिक गुठीको चल अचल सम्पत्ति, जायजेथा, देव देवीको प्रतिमा आदिमा भइरहेको गुठीयारको हक र दायित्व प्राधिकरणमा सर्नेछ।

२४. <u>गुठीयारको अधिकार स्वतः समाप्त हुने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै समझदारी पत्र, सहमति पत्र, दानपत्र, रुक्का, लालमोहर, खड्ग निशाना, सनद, सवाल जस्ता जुनसुकै प्रकारका लिखत, अड्डा

अदालतबाट भएका फैसला, आदेश, मिलापत्र, निर्णय वा अन्य कुनै पनि लिखत वा परम्पराको आधारमा पाएको गुठीयारको धार्मिकस्थल उपरको सबै अधिकार यो ऐन प्रारम्भ भए पछि स्वतः समाप्त हुनेछ र गुठीयारलाई अधिकार प्रदान गर्ने त्यस्ता सबै प्रकारका लिखत स्वतः निष्क्रिय हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका धार्मिकस्थलको सञ्चालन र बन्दोवस्त यस ऐन बमोजिम गरिनेछ ।

२५. <u>गुठीको लगत पेश गर्नुपर्ने</u> : (१) राजगुठी र सार्वजनिक गुठी सम्बद्ध गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिले आम्दानी, खर्च, धार्मिकस्थलको नित्य पूजा, पर्व पूजा, उत्सव, जात्रा, धार्मिक यात्रा, धार्मिक सम्प्रदाय, आगम आदि खुलाई उल्लिखित कार्यको पद्धति वा विधि (दित्तम), प्रयोग हुने सामग्री, लाग्ने खर्च, खर्च ब्यहोरिने स्रोत समेतको लगत उल्लेख गरी देहायको अवधिभित्र प्रदेश गुठी व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ :-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत अन्य निकायमा दर्ता गराई वा नगराई धार्मिक तथा सांस्कृतिक उद्देश्यले स्थापना भई सञ्चालन गरी आएका गुठी र धार्मिकस्थलले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र, र

(ख) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने धार्मिकस्थलले गुठी, धार्मिकस्थल स्थापना भएको मितिले नब्बे दिनभित्र ।

(२) उपदफा (१) बमोजिमको लगत तयार गर्दा धार्मिकस्थलको स्थापित मूल्य, मान्यता, प्रथा, प्रचलन, परम्परा, विधि विधान, कार्यविधि, दानपत्र, शिलापत्र, लगत दरबन्दी तथा गुठी एवं धार्मिकस्थलको आर्थिक क्षमताको आधारमा गर्नु पर्नेछ र मठको हकमा मठाधीशको उत्तराधिकारी हुने भए सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लगत तयार भएपछि प्रदेश गुठी व्यवस्थापन समितिमा पेश गर्नु अघि सम्बधित गुठी र धार्मिकस्थलले सर्वसाधारणको जानकारीको लागि तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिले लगत दिन नसकेमा सोको मनासिब माफिकको कारण सहित म्याद थप गरी पाउन निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन पेश भएमा प्रदेश गुठी व्यवस्थापन समितिले माग बमोजिमको कारण उपयुक्त लागेमा लगत पेश गर्ने नब्बे दिनको म्याद थप गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि प्रदेश गुठी व्यवस्थापन समितिले त्यस्तो विवरण पेश गर्ने गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिको नाम समेत खुलाई तोकिए बमोजिम लगत प्रकाशन गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम लगत प्रकाशन भएको मितिले पैंतीस दिनभित्र सरोकारवाला वा अन्य व्यक्तिले सो लगतमा सुधार गर्नुपर्ने भए सोको आधार र कारण खुलाई निवेदन दिन सक्नेछन् ।

(८) उपदफा (७) बमोजिम पेश हुन आएका निवेदन उपर प्रदेश गुठी व्यवस्थापन समितिले छानबिन गरी प्रकाशित लगतमा सुधार गर्नु पर्ने भए गरी सम्बन्धित गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिलाई प्राप्त लगत दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछ ।

(९) उपदफा (५) बमोजिमको म्यादभित्र पनि लगत पेश नगरेमा प्रदेश गुठी व्यवस्थापन समितिले गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिद्वारा सञ्चालित गुठी वा धार्मिकस्थल सार्वजनिक गुठीको रूपमा दर्ता गरी यस ऐन बमोजिम सञ्चालन र बन्दोबस्त गर्न, गराउन सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम कुनै गुठी वा धार्मिकस्थल सञ्चालन र बन्दोबस्त गर्न गराउनको लागि प्रदेश गुठी व्यवस्थापन समितिले सार्वजनिक सूचना प्रकाशित गरी प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिम सञ्चालन र बन्दोबस्तको जिम्मा दिन सक्नेछ ।

(११) उपदफा (९) र (१०) बमोजिम सञ्चालन र बन्दोबस्त गर्न जिम्मामा लिने पक्षले त्यस्ता गुठी वा धार्मिकस्थलको नित्य, पर्व पूजा आदिमा प्रतिकूल असर नपुऱ्याउने गरी सञ्चालन गर्नु पर्नेछ ।

(१२) यस ऐन बमोजिम गुठी वा धार्मिकस्थलको गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिले गुठी दर्ता तथा नवीकरण गर्दा तोकिए बमोजिम दस्तुर बुझाउनु पर्नेछ ।

(१३) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनासिब माफिकको कारण सहित सम्बन्धित गुठी वा धार्मिकस्थलको गुठीयार, सञ्चालक वा धार्मिकस्थल व्यवस्थापन समितिले उपदफा (१०) बमोजिम सूचना प्रकाशन हुनु अघि लगतको विवरण दिन आएमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिएको शुल्क लिई उपदफा (८) बमोजिम गुठी लगतमा दर्ता गरी प्रमाणपत्र दिन सक्नेछ र त्यस्तो कार्यमा लाग्ने खर्च लगत दिनेबाट असुल उपर गर्न सकिनेछ ।

(१४) गुठी सञ्चालकको योग्यता, अयोग्यता, संख्या र शर्त तोकिए बमोजिम हुनेछ र त्यस्तो शर्त विपरित हुने गरी धार्मिकस्थल संचालन गरेमा एकलाख रुपैयासम्म जरिवाना हुनेछ ।

२६. <u>धार्मिकस्थलको सम्पत्ति हुने</u> : (१) दाताले धार्मिकस्थल र धार्मिकस्थलको कामको लागि राखिदिएका वा दिएका सम्पत्ति, धार्मिकस्थलमा चढाएका भेटी, गरगहना, सुन, चाँदी लगायतका नगदी वा जिन्सी र धार्मिकस्थलमा कसैले दिएको दक्षिणा समेत धार्मिकस्थलको सम्पत्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्तिमा कसैले दावी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिमको सम्पत्ति तोकिए बमोजिम धार्मिकस्थलको कोषमा आम्दानी बाँधिनेछ ।

२७. <u>धार्मिकस्थलको वर्गीकरण</u> : (१) प्राधिकरणले धार्मिकस्थलको सञ्चालन एवं व्यवस्थापन गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको वार्षिक कूल आय भएका धार्मिकस्थललाई देहाय बमोजिम वर्गीकृत गरी सूची प्रकाशन गर्नु पर्नेछ :-

(क) "क" वर्ग,

(ख) "ख" वर्ग,

(ग) "ग" वर्ग,

(घ) "घ" वर्ग,

(ङ) "ङ" वर्ग,

(च) "च" वर्ग ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण भएका धार्मिकस्थलको लगातार तीन वर्षसम्म माथिल्लो वर्गको रकम बराबर आय प्राप्त हुन आएमा प्राधिकरणले त्यस्ता धार्मिकस्थललाई सो भन्दा माथिल्लो वर्गको धार्मिकस्थलमा समावेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको धार्मिकस्थल वर्गीकरणको आधारहरू प्राधिकरणले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) यस ऐन बमोजिमको गुठी व्यवस्थापन तथा अन्य बन्दोबस्ती गर्दा "क" वर्गका धार्मिकस्थलको हकमा प्राधिकरणले र अन्य वर्गका धार्मिकस्थलको हकमा सम्बन्धित प्रदेशको गुठी व्यवस्थापन समितिले गर्नेछ ।

२८. <u>धार्मिकस्थल व्यवस्थापन समिति</u> : (१) प्रदेश गुठी व्यवस्थापन समितिले आफू मातहत व्यवस्थापन तथा बन्दोबस्त गरेका एक वा एकभन्दा बढी धार्मिकस्थलको व्यवस्थापन गर्न तोकिए बमोजिम बढीमा एघार जना सदस्य रहने गरी धार्मिकस्थल व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धार्मिकस्थल व्यवस्थापन समिति गठन हुन नसकेमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिम प्रतिस्पर्धा गराई दफा २९ बमोजिमको योग्यता पूरा भएका कुनै व्यक्तिलाई कुनै धार्मिकस्थलको सञ्चालन र व्यवस्थापनको जिम्मा दिन सक्नेछ ।

२९. <u>सदस्यको योग्यता</u> : धार्मिकस्थल व्यवस्थापन समितिको सदस्य हुन देहायको योग्यता पूरा भएको हुनु पर्नेछ :-

(क) सनातन धर्म परम्पराप्रति आस्था र विश्वास भएको,

(ख) धार्मिकस्थल रहेको क्षेत्रमा राम्रो ख्याति र असल चालचलन भएको,

(ग) धार्मिकस्थलको स्थापना, निर्माण, जीर्णोद्वार, पुर्ननिर्माण वा विकास तथा धार्मिकस्थलको पर्व, पूजा, जात्रा जस्ता उत्सवमा उल्लेखनीय योगदान पुऱ्याएको,

(घ) धार्मिकस्थलको पूजा, जात्रा, यात्रा, उत्सवमा रुची भएको ।

३०. <u>सदस्यको अयोग्यता</u> : देहायका व्यक्ति धार्मिकस्थल व्यवस्थापन समितिको सदस्य हुन अयोग्य हुनेछ :-

(क) दामासाहीमा परेको,

(ख) मानसिक रूपमा अस्वस्थ रहेको,

(ग) धार्मिकस्थलसँगको ठेक्कापट्टामा संलग्न भएको वा धार्मिकस्थललाई बुझाउनु पर्ने रकम बुझाउन बाँकी भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) धार्मिकस्थलको हित विपरीत काम गरेको,

(च) धार्मिकस्थलको कर्मचारी, कामदार वा धार्मिकस्थलबाट कुनै पारिश्रमिक वा सेवा पाइरहेको,

(छ) मादक पदार्थ वा लागु पदार्थको दुर्व्यसनी भएको,

(ज) तीस वर्ष उमेर पूरा नभएको,

(झ) सनातन धर्म परम्परामा नरहेको,

(ञ) गैर नेपाली नागरिक ।

३१. <u>धार्मिकस्थल व्यवस्थापन समितिको काम र कर्तव्य</u> : धार्मिकस्थल व्यवस्थापन समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) अधिकार प्राप्त व्यक्तिले मागेको धार्मिकस्थलको अभिलेख, लेखा, आय-व्यय, सम्पत्ति, जिम्मेवारी, दायित्व, कोष आदि पेश गर्ने ,

(ख) अधिकार प्राप्त व्यक्तिले धार्मिकस्थल वा त्यसको चल अचल सम्पत्ति, कोष, लेखा, आय-व्यय, सम्पत्ति, दायित्व लगायतका विषयमा निरीक्षण गर्न चाहेमा निजलाई आवश्यक सहयोग गर्ने,

(ग) यस ऐनमा व्यवस्था भए बमोजिम प्राधिकरण वा अधिकार प्राप्त अधिकारी वा प्रदेश गुठी व्यवस्थापन समितिले दिएको आदेश वा निर्देशन पालना गर्ने,

(घ) धार्मिकस्थल प्रतिको आस्था, विश्वास तथा समाजमा नैतिक आचरण कायम राख्न भक्तजनको आवधिक भेला, भजन, कीर्तन तथा धार्मिक प्रवचन गर्ने,

सम्बन्धित धार्मिक सम्प्रदायको निमित्त उपयुक्त कार्यक्रम सञ्चालन तथा धार्मिकस्थलको प्रचार प्रसार गर्ने,

(ङ) धार्मिकस्थलको व्यवस्थापन, लगत दरबन्दी बमोजिम काम र धार्मिकस्थलको प्रशासन गर्ने,

(च) यस ऐन बमोजिम धार्मिकस्थलको सर्वोत्तम हितलाई ध्यानमा राखी धार्मिकस्थलको सम्पत्तिको सदुपयोग गर्ने, गराउने,

(छ) प्रदेश गुठी व्यवस्थापन समितिको स्वीकृति लिई पूजा आदिमा सेवा शुल्क निर्धारण गर्ने,

(ज) बली दिने तथा नरिवल आदि फुटाउने स्थान तोक्ने,

(झ) धार्मिकस्थल परिसरमा छायाँङ्कन वा अन्य क्रियाकलाप गर्न वा धार्मिकस्थलको नाममा कम्पनी, फर्म वा उद्योग खोल्न चाहनेले धार्मिकस्थललाई दिनु पर्ने शुल्क तोक्ने,

(ञ) धार्मिकस्थल प्रतिको आस्था, विश्वास र भावनाको प्रतिकूल हुने कार्य गर्ने कम्पनी, फर्म वा उद्योगले धार्मिकस्थलको नाम प्रयोग गर्न नपाउने गरी रोक्ने,

(ट) धार्मिकस्थलको स्वीकृति नलिई त्यस्तो धार्मिकस्थलको नाम प्रयोग गरी आफ्नो कम्पनी, फर्म वा उद्योगको नाम राख्नेलाई पटकै पिच्छे पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न र सो रकम त्यस्ता कम्पनी, फर्म वा उद्योग वा स्वामित्ववालाको सम्पत्ति रोक्का राखी सरकारी बाँकी सरह असुल उपर गर्ने,

(ठ) धार्मिकस्थलको हित हुने अन्य कार्य गर्ने ।

३२. <u>रोक लगाउन सक्ने</u> : (१) धार्मिकस्थल व्यवस्थापन समितिले धार्मिकस्थल परिसरभित्र वा धार्मिकस्थलदेखि तोकिएको क्षेत्रसम्म देहायका कार्य गर्न रोक लगाउन सक्नेछ :-

(क) मदिरा वा अन्य लागु पदार्थ, चुरोट, बिडी, खैनी, गुट्खा लगायतका सूर्तीजन्य पदार्थ बिक्री वितरण, सञ्चय तथा ओसारपसार तथा उपभोग,

(ख) मदिरा तथा लागु औषध उत्पादन गर्न,

(ग) लागु औषध बनाउने वा प्रयोग हुने वनस्पतिको खेती,

(घ) मदिरा, लागु औषधको खरिद, बिक्री-वितरण वा प्रयोग,

(ङ) माछा, मासु वा माछा-मासुजन्य खाद्य पदार्थको बिक्री-वितरण, सञ्चय, तयारी र उपयोग, र

(च) जुवा, तास, चिठ्ठा आदि बाजीजन्य खेल खेल्न।

(२) उपदफा (१) विपरीत कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

३३. <u>पुजारी तथा कामदारको नियुक्ति</u> : (१) धार्मिकस्थल व्यवस्थापन समितिले धार्मिकस्थलको पुजारी तथा धार्मिक कृत्य गर्ने कामदार नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुजारी तथा धार्मिक कृत्य गर्ने कामदार नियुक्ति गर्दा धार्मिकस्थलको आगममा आधारित भएर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति गर्दा धार्मिकस्थलको आगम, परम्परा र प्रथाको बारेमा ज्ञान भएको व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) धार्मिकस्थलको पुजारी हुन सामान्यतयाः देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ :-

(क) धार्मिकस्थलको आगम अनुसार पूजा आदिका मन्त्र र श्लोकपाठ गर्न सक्ने,

(ख) असल चरित्र र आचरण भएको,

(ग) सप्तव्यसनबाट मुक्त,

(घ) सरुवा रोगले ग्रस्त नभएको।

(५) उपदफा (१) बमोजिम नियुक्त हुने पुजारी तथा कामदारको दरबन्दी स्वीकृति, नियुक्तिको प्रक्रिया, पारिश्रमिक, काम, कर्तव्य, आचरण, सजाय र सेवाका अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

३४. <u>धार्मिकस्थलको कोष</u> : (१) धार्मिकस्थललाई प्राप्त हुने देहाय बमोजिमका रकम सम्बन्धित धार्मिकस्थलको कोषमा जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) सम्बन्धित गुठी जग्गाको कूत वा गुठीपोत वापत प्राप्त रकम,

(ग) सम्बन्धित गुठीको घर जग्गाको बहाल वापत प्राप्त रकम,

(घ) धार्मिकस्थलमा चढाएको भेटी, सुन, चाँदी तथा अन्य नगदी वा जिन्सी वापत प्राप्त रकम,

(ङ) धार्मिकस्थल व्यवस्थापन समितिले दिएको सेवा वा पूजा वापत प्राप्त सेवा शुल्कको रकम,

(च) अक्षय कोषको रकमबाट प्राप्त हुने व्याजको तोकिए बमोजिमको रकम,

(छ) कुनै स्वदेशी व्यक्ति वा संस्थाले दिएको सहयोग, अनुदान वा दान वापत प्राप्त रकम,

(ज) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) धार्मिकस्थल व्यवस्थापन समितिले धार्मिकस्थल कोषमा जम्मा भएको रकमको पन्ध्र प्रतिशत रकम "क" वर्गको धार्मिकस्थलको हकमा प्राधिकरण र अन्य वर्गको धार्मिकस्थलको हकमा प्रदेश गुठी व्यवस्थापन समितिमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बुझाउनु पर्नेछ ।

(३) धार्मिकस्थल व्यवस्थापन समितिले उपदफा (२) बमोजिमको रकम नबुझाएमा प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिम खाता रोक्का राखी उक्त रकम असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि "क", "ख" र "ग" वर्गका धार्मिकस्थलले तोकिए बमोजिमको रकम तोकिए बमोजिमको कोषमा थप योगदान गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको रकम निर्धारण गर्दा धार्मिकस्थल व्यवस्थापन समितिले धार्मिकस्थल निर्माण, जिर्णोद्धार, मर्मत सम्भार वा पुनर्निर्माण गर्न कसैले दिएको रकम समावेश नगरी निर्धारण गर्नु पर्नेछ ।

३५. <u>धार्मिकस्थलको आय व्यय</u> : (१) धार्मिकस्थल व्यवस्थापन समितिले धार्मिकस्थलको आय व्ययको अनुमानित विवरण आर्थिक वर्ष समाप्त हुनुभन्दा नब्बे दिन अगावै तोकिए बमोजिम प्रदेश गुठी व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश गरिने विवरणमा अन्य कुराको अतिरिक्त देहायका कुरा समावेश गर्नु पर्नेछ :-

(क) पूजा, जात्रा, उत्सव आदिको लागि खर्च,

(ख) भोग रागको लागि खर्च,

(ग) पुजारी कर्मचारीको पारिश्रमिक र सुविधा,

(घ) निर्माण, पुनर्निर्माण, मर्मत, जिर्णोद्धार आदिको लागि खर्च,

(ङ) दर्शनार्थी, तीर्थयात्रीको सुविधा प्रबन्धको लागि खर्च,

(च) धार्मिकस्थलको सम्पत्ति र दायित्व,

(छ) कार्य सञ्चालन मौज्दात ।

(३) उपदफा (२) बमोजिमको विवरण तयार गर्दा धार्मिकस्थल व्यवस्थापन समितिले प्रशासनिक खर्चको लागि धार्मिकस्थलको कूल आम्दानीको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी छुट्याउनु पर्नेछ ।

(४) दुई लाखभन्दा बढी आम्दानी हुने धार्मिकस्थलले कूल आम्दानीको पच्चीस प्रतिशतभन्दा बढी रकम उपदफा (२) को खण्ड (घ) बमोजिम धार्मिकस्थलको निर्माण, पुनर्निर्माण, मर्मत, जिर्णोद्धारको खर्चको लागि छुट्ट्याउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट्याइएको रकम त्यस आर्थिक वर्षभित्र खर्च हुन नसकेमा सो रकम जिर्णोद्धार पुनर्निर्माण कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम पेश भएको विवरणको स्वीकृति तथा पूरक वा संशोधन बजेट, खर्च समर्थन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. स्वीकृति लिनुपर्ने : (१) धार्मिकस्थलको अचल सम्पत्ति तीन वर्षभन्दा बढी अवधिको लागि बन्दोबस्त गर्दा वा वार्षिक पाँचलाख रुपैयाँभन्दा माथिको ठेक्का, बहाल, भू–बहाल, लिज आदिमा दिँदा सम्बन्धित धार्मिकस्थल व्यवस्थापन समितिले प्रदेश गुठी व्यवस्थापन समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्व स्वीकृति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. धार्मिकस्थल व्यवस्थापन अधिकारीको नियुक्ति : (१) प्राधिकरणले “क” वर्गको धार्मिकस्थलको र प्रदेश गुठी व्यवस्थापन समितिले “ख” र “ग” वर्गको धार्मिकस्थलको लागि धार्मिकस्थल व्यवस्थापन अधिकारी नियुक्त गर्न सक्नेछ ।

(२) “घ”, “ङ” र “च” वर्गको धार्मिकस्थलमा धार्मिकस्थल व्यवस्थापन समितिले प्रदेश गुठी व्यवस्थापन समितिको स्वीकृति लिई कसैलाई धार्मिकस्थल व्यवस्थापन अधिकारीको कामको जिम्मा दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जिम्मेवारी प्राप्त व्यक्तिले धार्मिकस्थल व्यवस्थापन अधिकारीलाई भए सरहको कर्तव्यको पालना तथा अधिकारको प्रयोग गर्न पाउनेछ ।

(४) यस दफा बमोजिम धार्मिकस्थल व्यवस्थापन अधिकारी नियुक्त गर्ने प्रयोजनको लागि धार्मिकस्थललाई समूहकृत गरी एकभन्दा बढी धार्मिकस्थलको लागि एकजना मात्र धार्मिकस्थल व्यवस्थापन अधिकारी नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा राजगुठी र सार्वजनिक गुठीको कुनै धार्मिकस्थल अझ व्यवस्थित रूपबाट सञ्चालन गर्न तोकिएका शर्तका अधीनमा रही प्रदेश गुठी व्यवस्थापन समितिले सम्बद्ध धार्मिक सम्प्रदायको कसैलाई धार्मिकस्थल व्यवस्थापन अधिकारीको काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्न पाउने गरी जिम्मा दिन सक्नेछ :-

(क) धार्मिकस्थल र सनातन परम्पराको प्रचार प्रसार बढ्ने,

(ख) भक्त र दर्शनार्थीको संख्या वृद्धि हुने,

(ग) धार्मिकस्थल प्रतिको आस्था र विश्वास अभिवृद्धि हुने, र

(घ) आर्थिक अवस्था सुदृढ हुने ।

(६) यस दफा बमोजिम नियुक्त हुने धार्मिकस्थल व्यवस्थापन अधिकारी सनातन धर्म प्रति आस्था र विश्वास भएको हुनु पर्नेछ।

(७) धार्मिकस्थल व्यवस्थापन अधिकारीले धार्मिकस्थलको सम्पूर्ण चल अचल सम्पत्तिको अभिलेख, लेखा र अन्य लिखत, गरगहना, मूल्यवान सामग्री, नगदी, कोष र अरु सम्पत्तिको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

३८. धार्मिकस्थल व्यवस्थापन अधिकारीको काम, कर्तव्य र अधिकार : यस ऐन बमोमिज नियुक्त धार्मिकस्थल व्यवस्थापन अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) धार्मिकस्थलमा प्राप्त हुने सबै रकम धार्मिकस्थल कोषमा जम्मा गर्ने,

(ख) धार्मिकस्थल प्रतिको आस्था र विश्वास अभिवृद्धिको लागि भक्तहरूको स्वयंसेवी संस्था बनाउने, भजन, कीर्तन तथा अन्य धार्मिक कृत्यहरू गर्ने गराउने,

(ग) धार्मिकस्थल व्यवस्थापन समितिले यस ऐन बमोजिम गरेका निर्णय कार्यान्वयन र पालना गर्ने ।

३९. प्रतिवेदन पेश गर्नु पर्ने : (१) देहायको सबै वा कुनै अवस्था विद्यमान छ भन्ने लागेमा धार्मिकस्थल व्यवस्थापन अधिकारीले सोको आधार र कारण खुलाई निर्णयमा पुनर्विचारको लागि त्यस्तो निर्णय भएको सात दिनभित्र धार्मिकस्थल व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) यो ऐन र प्रचलित कानूनले दिएको अधिकारक्षेत्र नाघी निर्णय गरेको वा आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी निर्णय भएमा,

(ख) निर्णय कार्यान्वयन गर्दा धार्मिकस्थललाई हानि नोक्सानी हुने भएमा,

(ग) मानव जीवन, स्वास्थ्य र सुरक्षामा खतरा पुग्ने वा दङ्गा भड्कने वा शान्ति सुरक्षामा खलल पुग्ने भएमा, र

(घ) धार्मिकस्थलको हित प्रतिकूल भएमा ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएको तीस दिनभित्र सो प्रतिवेदनमा उल्लिखित विषयमा पुनर्विचार गरी धार्मिकस्थल व्यवस्थापन समितिले उपयुक्त निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र धार्मिकस्थल व्यवस्थापन समितिले कुनै निर्णय नगरेमा वा त्रुटिपूर्ण निर्णय गरेको देखिएमा धार्मिकस्थल व्यवस्थापन अधिकारीले प्रदेश गुठी व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको अध्ययन गरी सो सम्बन्धमा प्रदेश गुठी व्यवस्थापन समितिले धार्मिकस्थल व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त निर्देशनको धार्मिकस्थल व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन अधिकारीले पालना गर्नु पर्नेछ ।

४०. <u>धार्मिकस्थल सञ्चालन सम्बन्धी विशेष व्यवस्था</u> : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजगुठी र सार्वजनिक गुठीको कुनै धार्मिकस्थल व्यवस्थित रूपबाट सञ्चालन गर्न धार्मिकस्थल व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन अधिकारी नियुक्ति गर्न आवश्यक देखेमा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिम प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको माग गरिने प्रस्तावकको योग्यता, धार्मिकस्थल सञ्चालन र व्यवस्थापनका शर्त, प्रस्ताव मूल्याङ्कन गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम माग भएको प्रस्ताव उपर तोकिए बमोजिम मूल्याङ्कन गरी आवश्यक शर्त तोकी त्यस्ता धार्मिकस्थलको धार्मिकस्थल व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन अधिकारी नियुक्ति गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम धार्मिकस्थल सञ्चालन गर्ने व्यक्तिले यस ऐन बमोजिम धार्मिकस्थल व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन अधिकारीलाई भएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्न सक्नेछ ।

४१. <u>अत्यावश्यकीय कोषको स्थापना</u> : (१) कुनै आम्दानी नभएका वा तोकिएको रकमभन्दा कम आम्दानी भएका धार्मिकस्थलको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउन एउटा अत्यावश्यकीय कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) दफा ३४ को उपदफा (४) बमोजिमको थप योगदानको रकम,

(ग) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिबाट प्राप्त रकम,

(घ) दान वा अनुदान वा सहयोगबाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त भएको रकम ।

(३) उपदफा (२) बमोजिमको कोषको रकमबाट प्राधिकरणले तोकिएको भन्दा कम आम्दानी भएका राजगुठी र सार्वजनिक गुठीका धार्मिकस्थलका लागि तोकिए बमोजिम दामासाहीले वितरण गर्न सक्नेछ ।

(४) कसैले उपदफा (१) बमोजिमको अत्यावश्यकीय कोषको लागि एक लाख रुपैयाँभन्दा बढी रकम दिएमा त्यस्तो रकम प्राप्त गर्ने धार्मिकस्थलमा एक वर्षसम्म निजको नाममा पूजा आदि गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

४२. राष्ट्र सेवक मानिने : यस ऐन बमोजिम नियुक्त हुने समितिका सदस्य, प्रदेश गुठी व्यवस्थापन समितिका सदस्य, धार्मिकस्थल व्यवस्थापन समितिका सदस्य, गुठीयार तथा धार्मिकस्थल व्यवस्थापन अधिकारी एवं धार्मिकस्थलका कर्मचारी तथा कामदार राष्ट्रसेवक मानिनेछन् ।

४३. स्वयंसेवी हुने : (१) धार्मिकस्थल व्यवस्थापन समितिका सदस्य कुनै पारिश्रमिक नलिने गरी धार्मिकस्थलको सेवामा स्वयंसेवीको रूपमा रहनेछन् ।

(२) धार्मिकस्थल व्यवस्थापन समितिको सदस्यले धार्मिकस्थलको काममा आउँदा जाँदा तोकिए बमोजिमको भ्रमण खर्च बाहेक अन्य कुनै पारिश्रमिक पाउने छैनन् ।

## परिच्छेद- ७

## मठ सम्बन्धी व्यवस्था

४४. मठाधीश सम्बन्धी विशेष व्यवस्था : (१) मठाधीशले यस ऐन बमोजिम धार्मिकस्थल व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन अधिकारीलाई तोकिएको काम, कर्तव्य वा अधिकार प्रयोग गर्न पाउनेछ ।

(२) मठ र मठसँग आवद्ध धार्मिकस्थलको हकमा दफा २२, २७, २८, ३६, ३७ र ४० को व्यवस्था लागू हुने छैन।

४५. दक्षिणा तथा उपहार : (१) कसैले व्यक्तिगत रूपमा मठाधीशलाई दिएको दान-दक्षिणा, उपहार जस्ता चल अचल सम्पत्तिको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ र त्यस्तो सम्पत्ति मध्ये मठाधीशले नगदी वा जिन्सी प्रकृतिको सम्पत्ति मठको उद्देश्य प्राप्ति गर्न तथा प्रचार प्रसारको काममा खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको सम्पत्ति मठाधीशको शेषपछि मठको हुनेछ र निजको हकवालाले दावी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको जग्गा जमीन जस्ता अचल सम्पत्ति सम्बन्धित मालपोत कार्यालयले मठको नाममा दर्ता गरिदिनु पर्नेछ ।

(४) उपदफा (१) वमोजिम मठाधीशलाई व्यक्तिगत रूपमा दिएको सम्पत्ति बाहेक मठको हितको लागि प्राप्त हुने दान, उपहार, चन्दा तथा सहयोग जस्ता चल अचल सम्पत्तिको छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त हुन आएको सम्पत्तिको अभिलेख प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले माग गरेमा जुनसुकै बखत उपलब्ध गराउनु मठाधीश वा अधिकार प्राप्त अधिकारीको कर्तव्य हुनेछ ।

४६. मठाधीशको नियुक्ति : (१) मठका संस्थापकले मठ स्थापना गर्दाका बखतको नियममा लेखिएको उत्तराधिकारीको क्रम बमोजिमको व्यक्ति वा दफा ५० बमोजिमको उत्तराधिकारीलाई समितिले मठाधीश पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मठ संस्थापकले नियम नबनाएको अवस्थामा दफा २५ बमोजिम पेश गरेको पद्धति बमोजिम र त्यस्तो पद्धति पनि नभएको अवस्थामा विद्वत सभाको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले तोकिए बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी दफा ४७ बमोजिमको योग्यता भएको व्यक्तिलाई समितिले मठाधीश पदमा नियुक्ति गर्नेछ ।

(३) दफा ४९ बमोजिम मठाधीशको पद रिक्त भएको अवस्थामा उपदफा (१) वा (२) बमोजिम मठाधीश नियुक्त नभएसम्म विद्वत सभाको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले अस्थायीरूपमा मठाधीश नियुक्ति गर्न सक्नेछ ।

४७. मठाधीशको योग्यता : मठाधीशको पदमा नियुक्त हुन देहायको योग्यता पूरा भएको हुनुपर्नेछ :-

(क) धर्म र दर्शन सम्बन्धी आधारभूत ज्ञान भएको,

(ख) मठसँग सम्बन्धित धार्मिक दर्शन, साहित्य र सम्प्रदाय सम्बन्धी ज्ञान भएको,

(ग) चेलालाई मठ अनुकूलको धार्मिक विधि–विधान र ज्ञान दिन सक्ने क्षमता भएको,

(घ) धार्मिक भावना अनुरूपको अनुशासन भएको,

(ङ) नैतिक आचरण भएको ।

४८. मठाधीशलाई हटाउन सकिने : (१) देहायका कुनै आधारमा समितिले मठाधीशलाई हटाउन सक्नेछ :-

(क) शारीरिक वा मानसिक अस्वस्थताका कारण मठको कार्य सञ्चालन गर्न असमर्थ भएमा,

(ख) मठ अनुकूल धार्मिक आचरणको पालना नगरेमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(घ) मठको सम्पत्ति दुरूपयोग गरेको वा मठ प्रति विश्वास नरहेमा,

(ङ) आफ्नो कर्तव्य पूरा नगरेको वा प्राप्त अधिकार र कामको दुरूपयोग गरेमा,

(च) मठको प्रथा, परम्परा, धार्मिक सम्प्रदाय र स्थापित मूल्य मान्यता प्रतिकूल कार्य गरेमा,

(छ) आचरणमा नरहेमा,

(ज) धार्मिक आस्थामा आघात पुग्ने कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम हटाउनु पूर्व निजलाई सुनुवाईको मौका दिनु पर्नेछ ।

तर सुनुवाईको मौका दिंदा मठाधीशले आफू विरुद्धको प्रमाण नष्ट गर्ने, मठ प्रति अनास्था फैलाउने वा अन्य यस्तै कुनै कार्य गर्ने अवस्था देखिएमा निजलाई तत्काल निलम्बन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम निलम्बन गर्दा दुई महिनाभन्दा बढी गर्नु हुँदैन र सो अवधिभित्र कारबाहीको टुङ्गो लगाई सक्नु पर्नेछ ।

(४) यस दफा बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले सो उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४९. मठाधीशको पद रिक्त हुने : मठाधीशको पद देहायको अवस्थामा रिक्त हुनेछ :-

(क) दफा ४७ बमोजिमको योग्यता नपुगेमा,

(ख) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) दफा ४८ बमोजिम निजलाई पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा ।

५०. उत्तराधिकारीको मनोनयन : (१) मठाधीशले दफा ४७ बमोजिमको योग्यता भएको व्यक्तिलाई आफ्नो उत्तराधिकारी मनोनयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मठाधीशले आफ्नो उत्तराधिकारी मनोनयन गरेको सूचना प्रमुख कार्यकारी अधिकृत मार्फत विद्वत सभालाई दिनु पर्नेछ ।

(३) विद्वत सभाले उत्तराधिकारीको योग्यता लगायतका विषयमा तोकिए बमोजिम छानबिन गरी त्यस्तो मनोनयनलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विद्वत सभाले मान्यता नदिएसम्म मठाधीशको उत्तराधिकारीको मनोनयन पूर्ण भएको मानिने छैन ।

५१. निर्देशन दिन सक्ने : (१) मठको सम्पत्ति दुरूपयोग भएको वा मठ सञ्चालनमा मठाधीशले गम्भीर लापरवाही गरेको भन्ने कुनै माध्यमबाट प्रमुख कार्यकारी अधिकृतलाई सूचना प्राप्त भएमा र त्यस्तो सूचना प्रथमदृष्टिमा नै भरपर्दो र विश्वसनीय देखिएमा निजले सो सम्बन्धी आधार र कारण खुलाई राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदनमा औंल्याइएका विषयमा समितिले मठको व्यवस्थापन गर्न गराउन कार्यकारी प्रमुखलाई देहाय बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ :-

(क) विद्वत सभाको सिफारिसमा योग्य व्यक्ति नियुक्त गरी मठ सञ्चालनको जिम्मा दिने,

(ख) मठ व्यवस्थापनको लागि बढीमा पाँच सदस्य रहेको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तोक्ने,

(ग) आवश्यक अन्य कुराहरू गर्ने ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम समिति गठन गर्दा सोही मठसँग सम्वद्ध वा दश वर्षदेखि सो मठको सेवामा निःस्वार्थ रूपमा संलग्न व्यक्ति सम्मिलित समिति गठन गर्नु पर्नेछ ।

## परिच्छेद–८

## गुठी तैनाथी जग्गाको बन्दोबस्त

५२. गुठी तैनाथी जग्गा : (१) प्राधिकरणले  देहायको आधारमा गुठी तैनाथी जग्गाको वर्गीकरण गर्नेछ :-

(क) राष्ट्रिय वा अन्तराष्ट्रिय महत्वका दृष्टिले महत्वपूर्ण सम्पदा क्षेत्रभित्रका,

(ख) व्यवसायिक महत्त्वका,

(ग) बाली ठेक्का लगायतबाट नियमित आय प्राप्त भइरहेका,

(घ) अन्य ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको जग्गा प्राधिकरणले धार्मिकस्थलको मान्यतामा आँच नआउने गरी संरक्षण गर्नु, गराउनु पर्नेछ ।

(३) प्राधिकरणले उपदफा (१) को खण्ड (ख) बमोजिमका जग्गामा देहाय बमोजिम गर्न गराउन सक्नेछ :-

(क) आफ्नै लगानीमा पूर्वाधार संरचना निर्माण गरी बहालमा दिन,

(ख) सार्वजनिक, निजी, साझेदारीमा वा निजी लगानीमा पूर्वाधार संरचना निर्माण, सञ्चालन र हस्तान्तरण गर्ने गरी लिजमा दिन,

(ग) जग्गा नै बहालमा दिन ।

(४) प्राधिकरणले उपदफा (१) को खण्ड (ग) बमोजिमका जग्गामा कृषि, पशुपंछीपालन, मत्स्यपालन आदिको लागि तोकिए बमोजिम ठेक्कामा दिन सक्नेछ ।

(५) प्राधिकरणले उपदफा (१), (२) र (३) बमोजिमको कार्य गर्दा सार्वजनिक खरीद सम्बन्धी प्रचलित कानूनको पालना गर्नु  पर्नेछ ।

(६) उपदफा (१) को खण्ड (घ) बमोजिका जग्गा तोकिए बमोजिम व्यवस्थापन गर्न सकिनेछ ।

५३. गुठी तैनाथी जग्गामा बनाएको घर : (१) यो ऐन प्रारम्भ हुनु अघि गुठी तैनाथी जग्गामा कसैले आफ्नै पूँजी तथा श्रम लगाई घर बनाई बसोबास गरेको रहेछ भने प्राधिकरणले तोकेको समयभित्र सो को विवरण सहित त्यस्तो जग्गा गुठी रैतानी नम्बरीमा परिणत गर्न प्राधिकरणले तोकेको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको विवरण सहितको निवेदन उपर छानबिन गर्दा मनासिव देखिएमा प्राधिकरणले त्यस्तो घर र सो घरले चर्चेको जग्गा तोकिएको क्षेत्रफलमा नबढ्ने गरी गुठी रैतानीमा परिणत गर्न सक्नेछ।

(३) प्राधिकरणले उपदफा (२) बमोजिम गुठी रैतानी नम्बरीमा परिणत गर्दा निवेदकसँग जग्गाको हकमा रजिष्ट्रेशन प्रयोजनको लागि प्रचलित कानून बमोंजिम निर्धारित न्यूनतम मूल्य लिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठेकिएको मूल्य तोकेको समयभित्र नबुझाएमा प्राधिकरणले त्यस्तो घर प्रचलित कानून बमोजिम सम्बन्धित धार्मिकस्थलको नाममा स्वामित्व तथा भोगाधिकार कायम गर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि धार्मिकस्थल, पोखरी, पोखरीको डिल, धार्मिकस्थल परिसरको वाग-बगैचा वा परापूर्वदेखि जात्रा, पर्व सञ्चालन हुँदै आएको जग्गा वा प्राधिकरणले खुल्ला रूपमा राख्न आवश्यक ठानेका कुनै धार्मिकस्थलको तोकिए बमोजिमको जग्गा व्यक्तिको नाममा दर्ता गरिने छैन ।

(६) उपदफा (५) बमोजिमको जग्गा यो ऐन प्रारम्भ हुनु अघि गुठी संस्थान वा सम्बन्धित धार्मिकस्थलले करार गरी बहालमा दिएकोमा सो जग्गा बहाल करारमा लिने व्यक्तिको नाममा दर्ता गरिने छैन ।

(७) उपदफा (५) वमोजिमको जग्गा कुनै व्यक्तिको नाममा दर्ता भएको रहेछ भने सम्बन्धित अधिकारीले सो जग्गाको दर्ता बदर गरी गुठी तैनाथी जग्गाको लगतमा दर्ता गर्नु पर्नेछ । त्यस्तो जग्गामा कसैको घर बनेको रहेछ भने त्यस्तो घरलाई धार्मिकस्थलको सम्पत्ति कायम गरिनेछ ।

(८) प्राधिकरणले उपदफा (४) वा (७) बमोजिम धार्मिकस्थलको सम्पत्ति कायम भएको घर जग्गाबाट सम्बन्धित व्यक्तिलाई हट्न आदेश दिन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम घर जग्गा खाली नगर्ने व्यक्तिलाई प्राधिकरणले दफा ८१ बमोजिम त्यस्तो घर जग्गाबाट हटाउनेछ ।

५४. <u>हक समाप्त हुने</u> : (१) यो ऐन प्रारम्भ हुनु अघि कुनै समझदारी पत्र, सहमति पत्र, दान पत्र, रुक्का, लालमोहर, खड्ग निशाना, सनद, सवाल जस्ता जुनसुकै प्रकारका लिखत; कुनै अड्डा अदालतबाट भएका फैसला, आदेश, मिलापत्र, निर्णय वा अन्य कुनै पनि लिखत वा परम्पराको आधारमा गुठीको जग्गा, घर, पसल, पाटी, पौवा आदि बहालमा पाएको भू-बहालवाला वा बहालवालाको हक यो ऐन प्रारम्भ भएपछि स्वतः समाप्त भई त्यस्तो जग्गा, घर, पसल, पाटी, पौवा आदिमा प्राधिकरणको हक कायम हुनेछ ।

तर,

(क) गुठी संस्थानले कुनै अवधि तोकी करार वा कबुलियत गरी दिएकोमा सोही करार वा कबुलियत बमोजिम हुनेछ ।

(ख) अवधि नतोकी दिइएको रहेछ भने देहायको अवधिसम्म उपयोग गर्न पाउनेछ :-

(अ) गुठी संस्थानको सञ्चालक समितिको निर्णयले दिएकोमा त्यस्तो सम्झौता भएको मितिले पच्चीस वर्ष,

(आ) गुठी संस्थानको प्रशासकको निर्णयले दिएकोमा पाँच वर्ष ।

(२) उपदफा (१) बमोजिम हक वा अवधि समाप्त भएपछि करार वा कबुलियत गरी लिने व्यक्ति वा संस्थाले त्यस्ता गुठीको जग्गा, घर, पसल, पाटी, पौवा खाली गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खाली नगरेमा प्राधिकरणले दफा ८१ बमोजिम खाली गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राधिकरणको हक कायम हुन आएका सम्पत्ति प्राधिकरणले तोकिए बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

५५. <u>जग्गा बेचबिखन गर्न नपाउने</u> : (१) गुठीयारले खान्गी जग्गा धितो बन्धक दिन वा कुनै प्रकारले हक छाडी दिन पाउने छैन।

(२) उपदफा (१) बमोजिम गुठीयारले धितो बन्धक वा हक छाडी दिएमा त्यस्तो लिखत स्वतः बदर भएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि गुठीयारले खान्गी जग्गा धितो बन्धक दिएको वा कुनै व्यहोराले हक छाडी दिएको रहेछ वा यो ऐन प्रारम्भ भएपछि गुठीयारले धितोबन्धक दिए वा हक छाडी दिएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो लिखत स्वतः वदर भएको जनाई गुठी तैनाथी जग्गाको लगतमा दर्ता गरी दिनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अघि गुठीयारले खान्गी जग्गामा घर बनाई बसोबास गरी आएको रहेछ भने प्राधिकरणले दफा ५३ को अधीनमा रही दर्ता गरिदिन सक्नेछ ।

## परिच्छेद-९

## <u>गुठी अधीनस्थ जग्गाको बन्दोबस्त</u>

५६. <u>मोहियानी हक र रैतानी सम्बन्धी व्यवस्थाः</u> (१) उपदफा (२) को अवस्थामा वाहेक गुठी जग्गामा मोहियानी हक लाग्ने छैन ।

(२) साविक गुठी संस्थान र मोही बीच दोहोरो लिखित कबुलियत भई सम्वत् २०५३ साल पौष २४ गते अगावै देखि अविछिन्न रुपमा गुठी जग्गामा भोगचलन गर्दै आइरहेको किसान वा निजको कानून बमोजिमको हकवालाले त्यसको प्रमाण संलग्न गरी सो जग्गा रहेको स्थानीय तहको सिफारिस सहित मोहियानी हक कायम गरी पाउन गुठी संस्थान ऐन, २०३३ बमोजिम सम्बन्धित

भूमिसुधार कार्यालयमा निवेदन दिएको रहेछ भने निवेदकलाई त्यस्तो गुठी अधीनस्थ जग्गामा प्रचलित कानूनको अधीनमा रही मोहियानी हक प्राप्त हुनेछ ।

(३) उपदफा (२) बमोजिम सम्वत् २०३० साल चैत्र मसान्त अघि कसैले राजगुठीको जग्गाको क्षेत्रीय किताबमा नाम लेखाएको वा मोहीको लगत पेश गरी जोताहा अस्थायी निस्सा लिएको वा मोहियानी हकको प्रमाणपत्र लिएको वा जग्गाधनी दर्ता श्रेस्तामा नाम लेखिएको वा लेखाएको भए तापनि त्यस्तो लिखत वा प्रमाण मोहियानी हक प्राप्त गर्ने प्रयोजनको लागि प्रमाणको रूपमा मान्य हुने छैन ।

(४) गुठी अधीनस्थ जग्गाको मोहीले त्यस्तो जग्गा कसैलाई कमाउन वा कुनै शर्तमा उपयोय गर्न दिएको रहेछ भने त्यसरी कमाउने वा उपयोग गर्ने व्यक्तिलाई मोहियानी हक प्राप्त हुने छैन ।

(५) मोही लागेको गुठी अधीनस्थ जग्गामा कानून बमोजिम प्राप्त मोहियानी हक निजको शेष पछि प्रचलिन कानून बमोजिम हकवालालाई प्राप्त हुनेछ ।

(६) मोही लागेको गुठी अधीनस्थ जग्गा मोही र गुठीलाई आधा-आधा हुने गरी प्रचलित कानून बमोजिम बाँडफाँड हुनेछ ।

(७) उपदफा (६) बमोजिम बाँडफाँड गर्दा प्रचलित कानून बमोजिम मोहीको भागमा पर्न आउने आधा जग्गा मोहिको नाममा रैतानी  परिणत जनाई र गुठीको भागको आधा जग्गा गुठी तैनाथी जग्गाको लगतमा दर्ता गर्ने गरी बाँडफाँड गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बाँडफाँड गर्दा गुठीको भागमा परेको आधा जग्गा समेत सम्बन्धित मोहीले गुठी रैतान नम्बरी जग्गामा परिणत गराउन चाहेमा सो जग्गाको रजिष्ट्रेशन प्रयोजनका लागि प्रचलित कानून बमोजिम निर्धारण गरिएको न्यूनतम मूल्य वरावरको रकमको पच्चिस प्रतिशत नगदै रकम वा सो वरावरको वैंक जमानत दाखिला गरी प्राधिकरणमा निवेदन दिन सक्नेछ । त्यसरी निवेदन परेको पैंतिस दिन भित्र प्राधिकरणले त्यस्तो रकम लिई सो जग्गा निवेदकको नाममा गुठी रैतानी जग्गामा परिणत गरिदिनेछ ।

(९) उपदफा (६), (७) र (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोही लागेको गुठी अधिनस्थ जग्गाको मोहीले उपदफा (५) बमोजिम मोही र गुठीको नाममा जग्गा बाँडफाँड नहुदै पनि गुठीको भागमा पर्ने आधा जग्गा समेत आफ्नो नाममा गुठी रैतानी जग्गामा परिणत गराउन चाही उपदफा (७) बमोजिमको रकम दाखिला गरी निवेदन दिन सक्नेछ । त्यसरी निवेदन परेकोमा सो रकम लिई त्यस्तो जग्गामा मोहीले पाउने आधा भाग र गुठीको नाममा कायम हुने आधा भाग समेत एकै पटक प्राधिकरणले मोहीको नाममा गुठी रैतानी जग्गामा परिणत गरिदिनु पर्नेछ ।

(१०) उपदफा (६) बमोजिम मोहीको भागमा पर्न आउने आधा जग्गा मोहीको नाममा रैतानी परिणत कायम गर्दा सो जग्गामा मोहीले प्रचलित कानून बमोजिम वुझाउनु पर्ने कुत तथा दस्तुर वुझाएको हुनुपर्नेछ ।

तर दफा ५७ को उपदफा (६) मा लेखिएकोमा सोही बमोजिम हुनेछ ।

५७. <u>गुठी जग्गामा लाग्ने कूत</u> : (१) गुठी अधीनस्थ जग्गामा जग्गाको ठाउँ र किसिम अनुसार मोहीले तोकिए बमोजिम कूत वा सो बराबरको नगद प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) गुठी अधीनस्थ जग्गामा मोहीले ब्यवसायिक प्रयोजनको लागि भवन वा अन्य कुनै प्रकारको संरचना निर्माण गरे गराएमा उपदफा (१) बमोजिमको कूतको अतिरिक्त प्रत्येक वर्ष प्राधिकरणले तोके बमोजिमको दस्तुर समेत बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राधिकरणलाई बुझाउन पर्ने कूत तथा दस्तुर प्रत्येक वर्षको चैत्र मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

(४) प्राधिकरणले उपदफा (३) बमोजिमको म्यादभित्र कूत बुझाउने मोहीलाई बुझाउनु पर्ने कूतको पन्ध्र प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(५) प्राधिकरणले उपदफा (३) बमोजिमको म्यादभित्र कूत नबुझाउने मोहीले बुझाउनु पर्ने कूतको पचास प्रतिशत जरिवाना तिरी थप एक वर्षसम्म कूत बुझाउन सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५६ को उपदफा (५), (६), (७) र (८) को प्रयोजनको लागि नेपाल सरकारले तोकेको अवधिभित्र कूत वुझाउनेलाई नेपाल सरकारले उपयुक्त ठहऱ्याए बमोजिम कूतमा छुट दिन सक्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

५८. <u>निर्माण स्वीकृति लिनुपर्ने</u> : (१) गुठी अधीनस्थ जग्गामा मोहीले भवन, पूर्वाधार वा अन्य कुनै प्रकारको संरचना निर्माण गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाई स्वीकृति लिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि गुठी संस्थानको स्वीकृति नलिई गुठी अधीनस्थ जग्गामा कसैले कुनै प्रकारको संरचना निर्माण गरेको भए तोकिए बमोजिमको अतिरिक्त दस्तुर लिई प्राधिकरण वा तोकिएको अधिकारीले त्यस्तो कार्यलाई नियमित गरी दिन सक्नेछ ।

५९. <u>मोहियानी हक हस्तान्तरण गर्न सकिने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी अधीनस्थ जग्गाको मोहियानी हक तोकिएको अधिकारीको सिफारिसमा धितोबन्धक दिन वा कुनै व्यहोराले हक हस्तान्तरण गर्न सकिनेछ ।

## परिच्छेद-१०

## सार्वजनिक गुठी र निजी गुठी जग्गाको सञ्चालन र बन्दोबस्त

६०. गुठी रैतान नम्बरी जग्गामा परिणत गर्न नसकिने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै धार्मिकस्थल, धार्मिकस्थलले चर्चेको जग्गा, वाग-बगैंचा, सार्वजनिक पोखरी, मठ-मन्दिर, पाटी, पौवा, सत्तल वा पर्व पूजा, जात्रा आदि सञ्चालन हुने स्थलको रूपमा रहेको सार्वजनिक गुठी र निजी गुठीको जग्गा वा प्राधिकरणले खुल्ला रूपमा राख्न आवश्यक ठानेको कुनै धार्मिकस्थलको तोकिए बमोजिमको जग्गा गुठी रैतान नम्बरी जग्गामा परिणत गर्न सकिने छैन ।

(२) उपदफा (१) बमोजिमका जग्गा कुनै व्यहोराले गुठी रैतान नम्बरी जग्गामा दर्ता गर्ने गराउनेलाई पाँच लाख रुपैयाँ सम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) विपरीतको दर्ता सम्बन्धित अधिकारीले बदर गरी त्यस्तो जग्गा गुठी तैनाथी जग्गाको लगतमा दर्ता गर्नेछ । त्यस्तो जग्गामा घर समेत बनेको रहेछ भने त्यस्तो घरलाई समेत धार्मिकस्थलको सम्पत्ति कायम गरिनेछ ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम अधिकार पाई घर बनाई बसोबास गरी आएको मोहीले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो जग्गाको लागि दफा ५६ को उपदफा (७) बमोजिमको मूल्य बुझाई निवदेन दिएमा निजको नाममा गुठी रैतान नम्बरी जग्गामा परिणत हुन सक्नेछ ।

(४) यो दफा बमोजिम रैतानी परिणत नगराई कसैले आफ्नो नाउँमा दर्ता गराएकोमा त्यस्तो जग्गा स्वतः बदर भई गुठी तैनाथी जग्गामा दर्ता गरिनेछ ।

६१. हक हस्तान्तरण गर्न नपाइने : (१) सार्वजनिक गुठी र निजी गुठी जग्गाको जग्गाधनी महलमा गुठी वा धार्मिकस्थलको नाममा बाहेक कुनै पनि व्यक्तिको नाममा दर्ता गर्न पाइने छैन ।

(२) उपदफा (१) वमोजिमको जग्गा धितोबन्धक दिन वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६० को उपदफा (४) बमोजिम गुठी रैतान नम्बरी जग्गामा परिणत गराएपछि त्यस्तो जग्गा धितोबन्धक दिन वा हक छाडीदिन सकिनेछ ।

६२. महन्त र गुरु आर्जनको सम्पत्ति : (१) कुनै व्यक्ति सार्वजनिक गुठी र राजगुठीको महन्त पदमा नियुक्त हुनु अघि निजले आर्जेको घर, जग्गा र महन्त पदमा नियुक्ति भएपछि प्रचलित कानून बमोजिम लिखत पारित गरी लिएको घर जग्गा निजले लिखत पारित गरी धितो बन्धक दिन वा हक छाडी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हक छाडी दिएको बाहेक महन्तको नाममा रहेको सबै घर, जग्गा निजको शेष पछि कसैले दावी गर्न पाउने छैन । त्यस्तो घर, जग्गा सम्बन्धित मठ वा धार्मिकस्थलको नाममा कायम गरिनेछ ।

(३) गुरु बुवा, गुरु काका, गुरु दाई आदि जस्ता आध्यात्मिक नाताका व्यक्तिबाट जुनसुकै व्यहोराले सरी आएको घर, जग्गाको आम्दानीबाट चेला वा छोरा चेलाले मठ वा धार्मिकस्थल सञ्चालन गर्न सम्म पाउनेछ।

(४) उपदफा (३) बमोजिमको घर, जग्गा चेला वा छोरा चेलाले धितो बन्धक दिन वा कुनै किसिमले हक छाडी दिन पाउने छैन ।

(५) उपदफा (४) बमोजिमका घर, जग्गा धितो बन्धक वा हक छाडी दिएकोमा त्यस्तो लिखत स्वतः बदर हुनेछ ।

(६) यो ऐन प्रारम्भ हुनु अघि उपदफा (१), (२) र (४) को विपरीत हुने गरी कसैले कुनै व्यहोराले आफ्नो नाममा दर्ता वा नामसारी गराएको वा धितो बन्धक वा हक छाडी दिएको भए त्यस्तो दर्ता वा लिखत स्वतः बदर भई त्यस्तो घर जग्गा सम्बन्धित मठ वा धार्मिकस्थलको नाममा दर्ता हुनेछ ।

६३. <u>निजी गुठीको सञ्चालन र बन्दोबस्त</u> : (१) गुठीयारले निजी गुठीसँग सम्बन्धित दानपत्र, शिलापत्र, धर्मपत्र, लगत, दर्ता प्रमाणपत्र आदि लिखतमा लेखिए बमोजिम त्यस्तो गुठीको सञ्चालन र बन्दोबस्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै लिखत नभएमा गुठीयारले परम्परा बमोजिम निजी गुठीको सञ्चालन र बन्दोबस्त गर्नु पर्नेछ ।

(३) गुठीयारले निजी गुठीको लगत, सम्पत्ति, आयस्रोत, पूजा, पद्धति आदिको विवरण प्रदेश गुठी व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रदेश गुठी व्यवस्थापन समितिले उपदफा (२) बमोजिमको अभिलेख राख्दा दफा २५ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(५) निजी गुठीका गुठीयारले गुठीको सम्पत्ति बेच विखन गर्न वा हिनामिना गर्न वा निजी काममा प्रयोग गर्न पाइने छैन ।

(६) उपदफा (१), (२) र (५) विपरीत हुने गरी कुनै कार्य गरेको उजुरी परेमा प्रदेश गुठी व्यवस्थापन समितिले आवश्यक छानबिन गर्दा सो कार्य भए गरेको पाइएमा त्यस्तो गुठीयारलाई गुठीबाट निष्काशन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम गुठीयार निष्काशन भएमा अन्य गुठीयारले त्यस्तो गुठी चलाउन सक्नेछन् ।

(८) कुनै निजी गुठी सञ्चालन गर्ने सात पुस्तासम्मको हकवाला नभएमा त्यस्तो गुठी प्राधिकरणले सार्वजनिक गुठीमा परिणत गरी दर्ता गर्नु पर्नेछ।

६४. <u>निजी गुठी सार्वजनिक गुठीमा दर्ता गराउन सक्ने</u> : (१) कुनै निजी गुठीका दुई तिहाई गुठीयारले त्यस्तो गुठी सार्वजनिक गुठीको रूपमा दर्ता गराउन चाहेमा प्राधिकरण वा प्रदेश गुठी समिति समक्ष निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा प्राधिकरणले आवश्यक छानबिन गरी त्यस्तो निजी गुठी सार्वजनिक गुठीमा दर्ता गरी यस ऐन बमोजिम सञ्चालन र बन्दोबस्त गर्नु, गराउनु सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुँदाका बखत कसैले आफ्नो निजी सम्पत्ति लगानी गरी कुनै सार्वजनिक स्थानको मठ मन्दिर र धार्मिकस्थलको नाममा स्थापना गरी सञ्चालन गर्दै आएका निजी गुठी यस ऐन प्रारम्भ भएपछि स्वतः सार्वजनिक गुठीमा परिणत गरी प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले सार्वजनिक गुठीको रूपमा दर्ता गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम निजी गुठी सार्वजनिक गुठीमा दर्ता भएपछि त्यस्तो गुठीको चल अचल सम्पत्ति, देवमूर्ति आदिमा गुठीयारको सम्पूर्ण हक अधिकार समाप्त भई त्यस्तो हक अधिकार प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिमा सर्नेछ ।

## परिच्छेद-११

## <u>गुठीपोत</u>

६५. <u>गुठीपोत बुझाउनु पर्ने</u> : (१) गुठी रैतान नम्बरीमा परिणत भएका जग्गाको जग्गावालाले प्रदेश गुठी व्यवस्थापन समितिमा गुठीपोत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने गुठीपोतको दर प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम गुठीपोतको दर निर्धारण गर्दा प्राधिकरणले अन्य कुराको अतिरिक्त देहायका विषयलाई समेत आधार लिनु पर्नेछ :-

(क) सो जग्गाको लागि स्थानीय तहले निर्धारण गरेको मालपोत दर,

(ख) घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग वा अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था,

(ग) प्राधिकरणले उपयुक्त ठानेका अन्य आधार ।

(४) उपदफा (१) बमोजिमको गुठीपोत प्रत्येक वर्ष चैत्र मसान्तभित्र बुझाई सक्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको गुठीपोत सोही आर्थिक वर्षको माघ मसान्तभित्र बुझाएमा लाग्ने गुठीपोतमा दश प्रतिशत रकम छुट पाउनेछ ।

(६) उपदफा (४) बमोजिमको अवधि पश्चात गुठीपोत बुझाउन ल्याएमा लाग्ने गुठीपोतको वार्षिक दश प्रतिशतका दरले रकम थप गरी असुल गरिनेछ ।

(७) यस दफा बमोजिम प्रदेश गुठी व्यवस्थापन समितिले सङ्कलन गरेको गुठीपोतको रकम मध्ये पचास प्रतिशत रकम प्रदेश गुठी व्यवस्थापन समितिले राखी बाँकी पचास प्रतिशत रकम वार्षिक रूपमा प्राधिकरणमा पठाउनु पर्नेछ ।

## परिच्छेद-१२

## निरीक्षण तथा अनुगमन

६६. निरीक्षण गर्ने : (१) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले देहायका विषयमा धार्मिकस्थलको निरीक्षण गर्न, गराउन सक्नेछ :-

(क) निर्धारित पद्धति वा विधि (दित्तम), दानपत्र, शिलापत्र, लगत, लिखत वा परम्परा अनुसार धार्मिकस्थल सञ्चालन भए नभएको,

(ख) धार्मिकस्थलको सम्पत्ति सदुपयोग भए नभएको ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा उद्देश्य विपरीत धार्मिकस्थल सञ्चालन भएको वा धार्मिकस्थलको सम्पत्ति सदुपयोग नभएको देखिएमा प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले धार्मिकस्थल सञ्चालनको लागि उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश सम्बन्धित धार्मिकस्थल व्यवस्थापन समितिका पदाधिकारी र धार्मिकस्थलको गुठीयारले पालन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश पालना नगर्ने धार्मिकस्थल व्यवस्थापन समितिका पदाधिकारी र धार्मिकस्थलका गुठीयारलाई हटाई प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जरिबाना गर्दा समेत आदेशको पालना नगर्ने धार्मिकस्थल व्यवस्थापन समितिका पदाधिकारी र धार्मिकस्थलका गुठीयारलाई प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले अर्को धार्मिकस्थल व्यवस्थापन समिति गठन गर्न वा त्यस्तो पदाधिकारी वा गुठीयारलाई हटाई अर्को व्यक्तिलाई सोको जिम्मेवारी दिन सक्नेछ ।

६७. अनुगमन गर्नेः (१) प्राधिकरण मातहतका धार्मिकस्थल, मठ, मन्दिर, भौतिक साधन, जनशक्ति, गुठी रकम, गुठीसँग सम्बन्धित जग्गा सम्बन्धी काम कारवाहीलाई प्रभावकारी एवं गुणस्तरीय ढङ्गबाट सम्पादन भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनमा खटिएको अधिकारीले प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदनको आधारमा मन्त्रालयले आवश्यक सुझाव वा निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले दिएको सुझाव वा निर्देशन पालना गर्नु सम्बन्धित पदाधिकारी वा कर्मचारी वा गुठीयार वा निकाय समेतको कर्तव्य हुनेछ ।

(५) उपदफा (३) बमोजिम दिएको निर्देशनको पालना नगर्ने धार्मिकस्थल व्यवस्थापन समितिका पदाधिकारी र धार्मिकस्थलका गुठीयारलाई प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले अर्को धार्मिकस्थल व्यवस्थापन समिति गठन गर्न वा त्यस्तो पदाधिकारी वा गुठीयारलाई हटाई अर्को व्यक्तिलाई सोको जिम्मेवारी दिन सक्नेछ ।

(६) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले आफू मातहत व्यवस्थापन र बन्दोबस्त गरिएका गुठी वा धार्मिकस्थलको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित गुठी तथा धार्मिकस्थलको कर्तव्य हुनेछ ।

(८) अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## विविध

६८. गुठीको घर वा जग्गा दर्ता वा आवाद गर्न नहुने : (१) कसैले यस ऐन बमोजिम बाहेक एक प्रकारको गुठी जग्गा अर्को प्रकारको गुठी जग्गामा वा गुठी जग्गा रैकर जग्गामा परिणत गर्न वा गुठी जग्गा अन्य कुनै व्यक्ति वा निकायको नाममा दर्ता गर्न वा आफ्नो हक भोगको जग्गासँग आंशिक रूपमा घुसाई दर्ता गर्न गराउन हुँदैन।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "गुठी जग्गाको प्रकार" भन्नाले गुठी तैनाथी जग्गा, गुठी खान्गी जग्गा, गुठी अधीनस्थ जग्गा र गुठी रैतान नम्बरी जग्गा सम्झनु पर्छ ।

(२) यस ऐन बमोजिम बाहेक कसैले गुठीको घर वा जग्गा भोग वा आवाद गर्न हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरीत काम गर्ने व्यक्तिलाई दुई लाख रुपैयाँ सम्म जरिबाना हुनेछ र त्यस्तो जग्गा दर्ता बदर गरी गुठीको घर वा जग्गा खाली गराउनु पर्नेछ ।

(४) कसैले उपदफा (१) वा (२) विपरीत हुने गरी गुठीको जग्गा दर्ता गरे गराएको वा भोग वा आवाद गरेको पाईएमा प्रमुख कार्यकारी अधिकृतले त्यस्तो जग्गा साविक बमोजिमको गुठी जग्गामा दर्ता गर्ने निर्णय गरी सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखि आएमा सम्बन्धित निकायले त्यस्तो जग्गा साविक बमोजिमको गुठी जग्गामा दर्ता गरिदिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्रमुख कार्यकारी अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेशको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६९. गुठी जग्गाको नापजाँच : (१) गुठी जग्गा नापजाँच गर्नु पूर्व सम्बन्धित अधिकारीले सोको सूचना प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुठी जग्गा नाप जाँच गर्दा नापजाँच गर्ने व्यक्तिले सो जग्गा कसैको जग्गामा घुसाउन वा हिनामिना नहुने गरी नाप जाँच गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) विपरीत कार्य गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

(४) गुठी जग्गाको कित्ताकाट सम्बन्धित नापी कार्यालयले गर्नु पर्नेछ ।

७०. गुठी जग्गाको दर्ता, नामसारी, दाखिल खारेज : (१) गुठी तैनाथी जग्गाको जग्गाधनी महलमा सम्बन्धित गुठीको नाम राखी दर्ता गरिनेछ ।

(२) गुठी अधीनस्थ जग्गाको जग्गाधनी महलमा गुठीको नाम र मोही महलमा कानून बमोजिम मोहियानी हक प्राप्त व्यक्तिको नाम जनाई दर्ता गरिनेछ ।

(३) यस ऐन बमोजिम गुठी जग्गाको दर्ता, नामसारी, दाखिल खारेज गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा बनाउने समेतको काम तोकिएको अधिकारीले तोकिए बमोजिम गर्नु पर्नेछ ।

७१. हदबन्दी सम्बन्धी व्यवस्था : (१) गुठी रैतान नम्बरी जग्गाको जग्गावाला र गुठी अधीनस्थ जग्गाको मोहीले राख्न पाउने जग्गाको अधिकतम हद प्रचलित कानून बमोजिम हुनेछ ।

(२) गुठी अधीनस्थ जग्गा कमाउने मोहीले हदबन्दीभन्दा बढी जग्गामा मोहियानी हक लेखाएको वा पाएको देखिएमा त्यस्तो बढी देखिएको जग्गामा निजको मोहियानी हकको लगत तोकिएको अधिकारीले कट्टा गरी गुठी तैनाथी जग्गाको लगतमा दर्ता गरी दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजगुठी र सार्वजनिक गुठी वा धार्मिकस्थलको नाममा दर्ता भएको जग्गामा कुनै हदबन्दी लाग्ने छैन ।

७२. गुठी जग्गामा लाग्ने बजारको व्यवस्थापन वा उपयोग : (१) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितले गुठी जग्गामा लाग्ने हाट, मेला वा अन्य बजारको व्यवस्थापन वा उपयोग तोकिए बमोजिम गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले व्यवस्थापन नगरी हाट, मेला वा अन्य बजार व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहलाई दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तहले व्यवस्थापन गरेको हाट, मेला वा अन्य बजारबाट उठाएको रकमको पचास प्रतिशत रकम प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिमा बुझाउनु पर्नेछ ।

७३. गुठी जग्गाको चक्लाबन्दी मिलाउने : प्राधिकरणले गुठी जग्गाको चक्लाबन्दी मिलाउन आवश्यक देखेमा प्रचलित कानूनको अधीनमा रही जग्गा सट्टापट्टा गरी मिलाउन सक्नेछ ।

७४. गुठी तैनाथी जग्गा सम्बन्धमा विशेष व्यवस्था : यो ऐन प्रारम्भ हुनु अघि गुठी तैनाथी जग्गा गुठीको हित विपरीत कुनै व्यक्तिले कुनै किसिमले बन्दोबस्तीमा लिएको रहेछ भने यो ऐन प्रारम्भ भए पछि त्यसरी प्राप्त गरेको हक अधिकार स्वतः समाप्त भई त्यस्तो जग्गामा सम्बन्धित गुठीको स्वामित्व पुनः कायम हुनेछ ।

७५. सम्पत्ति रोक्का राख्ने : (१) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले आफ्नो जमानतमा रहेको सम्पत्ति कसैलाई धितो बन्धक दिन वा कुनै प्रकारले हक छोडी दिन नपाउने गरी रोक्का राख्न सम्बन्धित निकाय वा कार्यालयलाई लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा कार्यालयले त्यस्तो सम्पत्ति कसैलाई धितो बन्धक दिन वा कुनै प्रकारले हक छोडी दिन नपाउने गरी रोक्का राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रोक्का राखेको जानकारी सम्बन्धित निकाय वा कार्यालयले प्राधिकरणलाई दिनु पर्नेछ ।

७६. बक्यौता असुल गर्ने : (१) प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले असुल गर्नुपर्ने गुठीपोत, कूत, बहाल, भूबहाल, पेश्की, ठेक, जरिबाना, बिगो, शुल्क, दस्तुर, अतिरिक्त दस्तुर तथा अन्य बक्यौता रकमको लागि सम्बन्धित व्यक्तिले जमानत दिएको वा निजको अन्य सम्पत्तिबाट प्राधिकरणले तोकिए बमोजिम लिलाम गरी सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बक्यौता असुल गर्दा प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिमको ब्याज वा जरिबाना र लिलाम गर्दा लाग्ने खर्च समेत असुल गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले निश्चित अवधि तोकी किस्ताबन्दीमा बक्यौता असुल गर्न सक्नेछ ।

७७. गुठी जग्गा प्राप्ति : (१) प्रचलित कानून बमोजिम निर्धारण गरिएको गुठी जग्गाको मुआब्जा वा क्षतिपूर्ति प्राधिकरणलाई नदिई कसैले गुठी जग्गा प्रयोग वा उपयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम मुआव्जा वा क्षतिपूर्ति नदिई गुठी जग्गा प्रयोग वा उपयोग गरेमा यस ऐन बमोजिम गुठी सम्पत्ति अतिक्रमण गरेको मानिनेछ ।

(३) नेपाल सरकारले गुठी जग्गा जुनसुकै व्यहोराले प्राप्त गरेमा प्राधिकरणलाई प्रचलित कानून बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्ति दिनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले गुठी तैनाथी जग्गा प्राप्त गरेकोमा सो जग्गाको मुआब्जाको सट्टा जग्गा नै शोधभर्ना दिन सक्नेछ ।

(५) नेपाल सरकारले प्रचलित कानून बमोजिम गुठी रैतान नम्बरी जग्गा प्राप्त गरेकोमा प्राधिकरणलाई सो जग्गाको गुठीपोत बापत क्षतिपूर्ति दिनु पर्नेछ ।

(६) नेपाल सरकारले गुठी अधीनस्थ जग्गा प्राप्त गरेकोमा सो वापतको मुआब्जा वा क्षतिपूर्ति प्राधिकरण र मोहीले आधा-आधा प्राप्त गर्न सक्नेछन् ।

७८. तिर्जा व्यवस्था हटाउने : (१) गुठीयारले खान्गी वा तिर्जा व्यवस्थाबाट जिन्सी खाई आएकोमा सोको सट्टा प्राधिकरणले तोके बमोजिमको पारिश्रमिकको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिकको व्यवस्था नगरेसम्म गुठीयारले मोहीबाट खान्गी असूल गर्दा प्राधिकरणले उपलब्ध गराएको तिर्जा वा रसिद सम्बन्धित मोहीलाई दिनु पर्नेछ ।

७९. प्राचीन मूर्ति तथा गरगहना : (१) सार्वजनिक गुठी र राजगुठीको गुठीयारले आफ्नो जिम्मामा रहेको देवी-देवताका प्रतिमा, मूर्ति, गरगहना, भाँडा-वर्तन आदिको लगत तोकिएको अधिकारीबाट जाँच गराई राख्नु पर्नेछ ।

(२) गुठीयार फेरबदल हुँदा उपदफा (१) बमोजिमको मालसामान निजले तोकिए बमोजिम बरबुझारथ गर्नु पर्नेछ ।

(३) सार्वजनिक गुठी र राजगुठीको देवी-देवताको बेचलतीको गरगहना, भाँडा-वर्तन लगायतका सामग्री जिम्मा लिने व्यक्तिले चाहेमा त्यस्तो सामग्री प्राधिकरणमा बुझाउन सक्नेछ ।

८०. गहना र अन्य सम्पत्तिको व्यवस्थापन गर्ने : (१) प्राधिकरणले राजगुठी र सार्वजनिक गुठीको देवी-देवता वा धार्मिकस्थलमा चढाएका गहना, भाँडाकुँडा र अन्य सम्पत्तिहरू तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएका सामानहरूमध्ये पुरातात्त्विक महत्त्वका गरगहना, भाँडाकुँडा आदिको संरक्षण गरी अन्य सम्पत्ति तोकिए बमोजिम व्यवस्थापन गरिनेछ ।

(३) देवी-देवतालाई चढाएको गरगहना र अन्य सम्पत्ति मनासिव माफिकको कारण बिना अपुग भएमा सो जिम्मा लिने व्यक्तिबाट प्राधिकरणले सट्टाभर्ना लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जिम्मा लिने व्यक्तिले सट्टाभर्ना नदिएमा प्राधिकरणले प्रचलित बजार मूल्यको आधारमा बिगो कायम गरी बिगो बमोजिमको रकम त्यस्तो व्यक्तिबाट सरकारी बाँकी सरह असुल गर्न सक्नेछ ।

(५) राजगुठी र सार्वजनिक गुठीका देवी-देवता, धार्मिकस्थलमा चढाएको भेटी, गरगहना तथा अन्य सम्पत्ति कसैले हिनामिना गरेमा प्राधिकरणले बिगो असुल उपर गरी बिगो बमोजिम जरिबाना गर्नेछ ।

८१. हटाउनु पर्ने : (१) गुठीको घर, जग्गा, धार्मिकस्थल, पाटी, पौवा जस्ता संरचनामा प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिको स्वीकृति बेगर भोग चलन गर्नेलाई मनासिब समय दिई प्राधिकरण र प्रदेश गुठी व्यवस्थापन समितिले हटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको हटाउने कार्यमा प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिलाई स्थानीय प्रशासन र स्थानीय तहले सहयोग गर्नु पर्नेछ ।

८२. गुठी सम्पत्ति अतिक्रमण गर्न नहुने : (१) कसैले प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समिति वा गुठीको जग्गा, घर, सत्तल, पाटी, पौवा, पसल, धार्मिकस्थल आदि प्राधिकरणको स्वीकृति बेगर प्रयोग वा भोगचलन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिको स्वीकृति बेगर त्यस्तो सम्पत्ति प्रयोग वा भोगचलन गरेमा गुठी सम्पत्ति अतिक्रमण गरेको मानिनेछ ।

(३) यस दफा बमोजिम गुठी सम्पत्तिको अतिक्रमण गरेमा त्यस्तो व्यक्तिलाई तीन लाख रुपैयाँ सम्म जरिबान हुनेछ र त्यस्तो अतिक्रमणबाट हटाई हटाउँदा लागेको खर्च अतिक्रमण गर्ने व्यक्तिबाट असुल गरिनेछ ।

८३. विवरण पठाउनु पर्ने : (१) प्रदेश गुठी व्यवस्थापन समिति, धार्मिकस्थल व्यवस्थापन समिति, धार्मिकस्थल व्यवस्थापन अधिकारी लगायतका गुठीसँग सम्वद्ध व्यक्तिहरूले यस ऐन बमोजिम गुठीको सम्पत्ति, आय-व्यय, लगत, श्रेस्ता, लिखत आदिको विवरण नियमित रूपमा प्राधिकरणमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण नपठाउने धार्मिकस्थल व्यवस्थापन समिति, धार्मिकस्थल व्यवस्थापन अधिकारी वा गुठीसँग सम्बद्ध व्यक्तिलाई प्राधिकरणले पच्चीस हजार रूपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

८४. गुठी धर्मलोप गरेको मानिने : (१) कसैले देहाय बमोजिमका कार्य गरेमा गुठी धर्मलोप गरेको मानिनेछः-

(क) गुठीका गुठीयार वा अन्य कुनै किसिमबाट गुठी चलाउनु पर्ने जिम्मेवार व्यक्तिले गुठीको दानपत्र, शिलापत्र, ताम्रपत्र, लिखत र परम्परा बमोजिमको कार्य नगरेमा वा देवी-देवताको मन्दिर, धार्मिकस्थल, पाटी, पौवा, धर्मशाला आदिको मर्मत, जिर्णोद्धार नगरी नाश हुन दिएमा,

(ख) गुठीको सम्पत्ति धितो राख्ने, बिक्री वा अन्य कुनै व्यहोराले हक छाडीदिने वा गुठीको लिखत, शिलापत्र, दानपत्र आदि बमोजिम गर्नुपर्ने काम नगरेमा ।

(२) धर्मलोप गर्नेलाई तीन लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम गुठीको सम्पत्ति धितो बन्धक राखेको वा बिक्री वा अन्य कुनै व्यहोराले हक छाडीदिएको भए सोको लिखत स्वतः शून्य तथा निष्क्रिय भएको मानिनेछ ।

(४) धर्मलोप गर्ने गराउने महन्त, पुजारी, गुठीयार र अन्य रकमीलाई खारेज गरी अर्को व्यक्ति नियुक्त गर्नु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम धितो बन्धक राख्न नहुने वा कुनै व्यहोराले हक छाडी दिन नहुने जग्गा धितो बन्धक दिएको वा हक छाडी दिएको लिखत शून्य तथा निष्क्रिय भएको व्यहोरा लिखतमा जनाई मालपोत कार्यालयले सो जग्गा गुठीकै नाममा कायम गर्नु पर्नेछ ।

८५. <u>बिगार्न वा हानि नोक्सानी गर्न नपाउने</u> : (१) कसैले गुठी, धार्मिकस्थल, धर्मकीर्ति, धर्मशाला, पाटी, पौवा आदि विगार्न वा हानि नोक्सानी गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत गुठी, धार्मिकस्थल, धर्मकीर्ति, धर्मशाला, पाटी, पौवा आदि विगार्न वा हानि नोक्सानी गर्नेलाई हानि नोक्सानीको विगो असुल गरी सो बराबरको जरिबाना हुनेछ ।

८६. <u>मुद्दा दायर गर्न सक्नेः</u> (१) यस ऐन बमोजिम प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समितिले जरिबाना गर्ने भनी उल्लेख भएका विषय बाहेकका अन्य विषयमा यस ऐन बमोजिम मुद्दा दायर गर्नु पर्दा प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति, धार्मिकस्थल व्यवस्थापन समिति वा गुठी व्यवस्थापन अधिकारीले सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम दायर भएको मुद्दामा मिलापत्र हुन सक्ने छैन ।

८७. <u>मिसिलहरू सर्ने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत गुठी जग्गाको दर्ता, दाखिल खारेज, मोही लगत कट्टा सम्बन्धी विषयमा कारबाही चली निर्णय हुन बाँकी रहेका मिसिलहरू तोकिएको कार्यालयमा सर्नेछन् ।

(२) उपदफा (१) बमोजिम सरी आएका मिसिलहरू तोकिएको कार्यालयले यस ऐन र प्रचलित कानून बमोजिम कारबाही र किनारा गर्नेछ ।

८८. <u>लेखा र लेखा परीक्षण</u> : (१) प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समितिको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) प्राधिकरण र प्रदेश गुठी व्यवस्थापन समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

८९. <u>काम कारबाही बदर गर्न सक्ने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम काम कारवाही गर्दा प्रमुख कार्यकारी अधिकृत, मालपोत कार्यालय, गुठी कार्यालय, प्रदेश गुठी व्यवस्थापन समिति, धार्मिकस्थल व्यवस्थापन समिति वा गुठीयारले गम्भीर कानूनी त्रुटि गरेको वा सबुद प्रमाणको उचित मूल्याङ्कन नगरेको कारणबाट गुठीलाई हानि नोक्सानी पुऱ्याएको वा हानि नोक्सानी पुऱ्याउने सम्भावना देखिएमा वा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर पर्न गएको वा प्रतिकूल असर पर्न जाने अवस्था देखिन आएमा समितिले त्यस्तो काम कारवाही बदर गरी पुनः कानून बमोजिम गर्नु भनी सम्बन्धित निकाय, कार्यालय वा पदाधिकारीलाई निर्देशन दिन सक्नेछ ।

९०. <u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानूनको उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा दायर गर्न र कारबाही गर्न बाधा पर्ने छैन ।

९१. <u>विशेष छुट</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समिति वादी, प्रतिवादी वा पुनरावेदक भएको मुद्दामा अदालती शूल्क (कोर्ट फी) लाग्ने छैन ।

(२) प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समिति वादी, प्रतिवादी वा पुनरावेदक भएको मुद्दामा ती संस्थाका वारिसलाई हाजिर नगराई नहुने अवस्था भई सम्बन्धित अदालतले आदेश दिएमा बाहेक सो निकायको वारिस तारेखमा हाजिर हुनु पर्ने छैन ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि धार्मिकस्थलको सम्पत्ति सम्बन्धी विषयमा प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन समिति वादी वा पुनरावेदक भै चलेको मुद्दा डिसमिस खारेजी वा तामेलीमा नराखी फैसला गर्नु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण र धार्मिकस्थलको पूँजी, आम्दानी तथा सम्पत्तिमा प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति तथा धार्मिकस्थल व्यवस्थापन समितिलाई सङ्घ, प्रदेश र स्थानीय तहबाट लाग्ने कुनै प्रकारको कर, दस्तुर वा महशूल लागाइने छैन ।

तर,

(क) प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन गर्न चाहिने वस्तुहरू स्थानीय बजारमा खरिद गर्दा त्यसको मूल्यमा समावेश भएका भन्सार महशुल, बिक्री कर, अन्तःशुल्क कर वा महशुलमा छुट दिइने छैन ।

(ख) कुनै सेवा वापत लाग्ने शूल्क, महशूल प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समितिले बुझाउनु पर्नेछ ।

(ग) गुठी, धार्मिकस्थल वा धार्मिकस्थल व्यवस्थापन समितिलाई दान दिएको रकम आयकर प्रयोजनको लागि त्यस्तो दान गर्ने व्यक्तिले आफ्नो हिसावबाट कट्टा गर्न पाउनेछ र त्यसरी दान दिएको रकममा आयकर लाग्ने छैन ।

(५) धार्मिकस्थल वा गुठीको नाममा कुनै सम्पत्ति दर्ता भएको बाह्रवर्षपछि त्यस विषयमा कुनै अड्डा अदालतमा उजुर लाग्ने छैन ।

(६) प्राधिकरण, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समितिले आफ्नो जाय जेथाको हक कायम गराउन, लगानी असूल गर्न, कर्मचारी, महन्त, पूजारी, रकमी, गुठीयार, ठेकेदार आदिसँग बाँकी रहेको नगदी वा जिन्सी दाखिला गराउन; कूत, ठेक, मालपोत, भूबहाल, जरिवाना, शूल्क, दस्तुर आदि समेतका जुनसुकै रकम असुल गर्दा कुनै हदम्याद लाग्ने छैन ।

९२. <u>सार्वजनिक धार्मिकस्थलको सम्पत्ति मानिने</u> : (१) आफ्नो हक नपुग्ने सरकारी वा सार्वजनिक जग्गा वा राजगुठीको जग्गामा बने बनाएको धर्मकीर्ति, धर्मशाला, पाटी, पौवा, घर, टहरा, धार्मिकस्थल वा अन्य संरचनामा त्यस्तो धर्मशाला, पाटी, पौवा, ठाँटी, घर, टहरा, धार्मिकस्थल वा अन्य संरचना बनाउनेको कुनै हक अधिकार हुने छैन।

(२) उपदफा (१) बमोजिमका धार्मिक स्थल वा संरचना जुन धार्मिकस्थल वा गुठीको जग्गामा बनेका छन् सोही धार्मिकस्थल वा गुठीको हक भोग र स्वामित्व भएको सम्पत्ति मानिनेछ ।

(३) कुनै सार्वजनिक स्थलमा कसैले धार्मिकस्थल समेतका संरचना बनाएमा त्यस्ता संरचना बनाउनेको कुनै हक अधिकार हुनेछैन । त्यस्ता संरचना सार्वजनिक सम्पत्ति नै मानिनेछ ।

(४) कुनै संरचना निजी वा निजी गुठी वा सार्वजनिक गुठी वा राजगुठीको हो भन्ने विवाद उठेमा आफ्नो निजी हक भोग भएको जग्गामा आफ्नै पूँजी लगाई बनाएको हो भनी प्रमाण पुऱ्याउने भार निजी वा निजी गुठी हो भनी दावी गर्नेको हुनेछ ।

(५) उपदफा (४) बमोजिम कसैले आफ्नै निजी हक भोगको जग्गामा आफ्नै पूँजी लगाई निर्माण गरेको भन्ने प्रमाणित गर्न नसकेमा त्यस्तो संरचना सम्बन्धित धार्मिकस्थल वा सार्वजनिक गुठीको सम्पत्ति मानिनेछ ।

९३. <u>संचालन तथा व्यवस्था</u> : (१) धार्मिकस्थल तथा धार्मिकस्थल सम्वद्ध धार्मिक-सांस्कृतिक सङ्घ-संस्थाको व्यवस्थापन, सञ्चालन र बन्दोवस्त सम्बन्धी कुनै समझदारी पत्र, सम्झौता पत्र, विधि-विधान, नियम, कार्यविधि, अदालत वा अन्य कुनै निकायको फैसला, आदेश, निर्णय, मिलापत्र वा कुनै प्रथा, प्रचलन, परम्परा, अभ्यास आदि जेसुकै भए पनि यो ऐन लागू भएपछि यस ऐन बमोजिम धार्मिकस्थल तथा धार्मिकस्थल सम्वद्ध धार्मिक-सांस्कृतिक सङ्घ-संस्थाको सञ्चालन तथा व्यवस्थापन हुनेछ ।

(२) धार्मिकस्थल तथा धार्मिकस्थल सम्वद्ध धार्मिक, सांस्कृतिक सङ्घ–संस्थाको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ ।

९४. वार्षिक प्रतिवेदन : (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश गुठी व्यवस्थापन समितिले तोकिए बमोजिमको विवरण सहितको वार्षिक प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्राधिकरणले तोकिए बमोजिमको विवरण सहितको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

९५. शपथ ग्रहण : विद्वत सभा, समिति, प्रदेश गुठी व्यवस्थापन समिति र धार्मिकस्थल व्यवस्थापन समितिका सदस्यले पदभार लिनु अघि तोकिए वमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

९६. अधिकार प्रत्यायोजन : प्राधिकरणले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, उपसमिति, प्रमुख कार्यकारी अधिकृत वा कुनै कर्मचारी, प्रदेश गुठी व्यवस्थापन समिति वा धार्मिकस्थल व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९७. गुठी र धार्मिकस्थलको रेखदेख गर्नुपर्ने : सम्बन्धित स्थानीय प्रशासन र स्थानीय तहले आफ्नो क्षेत्रभित्रका गुठीको रेखदेख, निरीक्षण र धार्मिकस्थलमा रहेका मूर्ति, गरगहना, मन्दिर, पाटी, पौवा, ठाँटी, जग्गा, जमिन लगायत सम्पत्तिको सुरक्षा गर्नु पर्नेछ ।

९८. गुठी संस्थान अन्तर्गत कार्यरत कर्मचारीहरूको समायोजनः प्राधिकरणले यो ऐन प्रारम्भ हुनु अघि गुठी संस्थान र सो अन्तर्गत कार्यरत कर्मचारीहरूलाई प्राधिकरण वा प्रदेश गुठी व्यवस्थापन समिति अन्तर्गत रहने गुठीसँग सम्बन्धित कार्यालयमा समायोजन गर्न सक्नेछ ।

९९. नेपाल सरकारसँग सम्पर्क गर्ने : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

१००. यसै ऐन बमोजिम हुने : यस ऐनमा उल्लिखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०१. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्नको लागि प्राधिकरणको परामर्शमा नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०२. विनियम र निर्देशिका बनाउन सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही प्राधिकरणले आवश्यकता अनुसार विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको विनियम लागू गर्नु अघि मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही प्राधिकरणले आवश्यक निर्देशिका बनाउन सक्नेछ।

१०३. आचार संहिता बनाई लागू गर्ने : प्राधिकरणले धार्मिकस्थल व्यवस्थापन समितिका पदाधिकारी, गुठीयार, मठाधीश, महन्त, पूजारी, अन्य कामदार, भक्तजन, तीर्थयात्री, धार्मिकस्थल परिसरमा प्रवेश गर्ने व्यक्तिको आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

१०४. खारेजी र बचाउ : (१) गुठी संस्थान ऐन, २०३३ खारेज गरिएको छ ।

(२) गुठी संस्थान ऐन, २०३३ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) गुठी संस्थान ऐन, २०३३ बमोजिम गठित गुठी संस्थानको सम्पत्ति, हक, दायित्व र कर्मचारी प्राधिकरणमा सर्नेछन् ।